# आ.व. २०७७।७८ को

# धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी

# नीति तथा कार्यक्रम

## नेपाल धितोपत्र बोर्ड

जावलाखेल, ललितपुर, नेपाल ।

**साउन २०७७**

# cf=j=@)&&.&* sf]

# lwtf]kq ahf/ tyf j:t' ljlgdo ahf/ ;DaGwL

# gLlt tyf sfo{qmd

g]kfn lwtf]kq af]8{

hfjnfv]n, nlntk'/ .

*;fpg @)&&*

# cf=j= @)&&.&* sf]
# lwtf[kq ahf/ tyf j:t'ljlgdo ahf/ ;DaGwL
# gLlt tyf sfo{qmd

**सर्वाधिकार** : **नेपाल धितोपत्र बोर्डमा निहित ।**

**मुद्रक** : हाइडल प्रेस प्रा. लि.
डिल्लीबजार, काठमाडौं ।
फोनः ०१-४४३९८१२, ४४४१७१२
इमेलः heidelpltd@gmail.com

**प्रकाशक**

**नेपाल धितोपत्र बोर्ड**
सुपरिवेक्षण तथा अनुसन्धान विभाग
नीति, अनुसन्धान तथा योजना महाशाखा
जावलाखेल, ललितपुर ।
फोन नं. ०१-५५४१०५७, ५५५०५११, ५५४४०७६
फ्याक्स नं.: ०१-५५४१०५८
वेबसाइटः http://www.sebon.gov.np
ई-मेलः support@sebon.gov.np

# प्राक्कथन

धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम स्थापित बोर्डले आर्थिक वर्ष २०७७।७८ मा सम्पादन गर्ने कार्यहरु समेटी धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम तयार गरेको छ। बोर्डले आ.व. २०७७।७८ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकारको नीति तथा कार्यक्रमका साथै बजेट बक्तव्य, नेपाल सरकारको वित्तीय क्षेत्र विकास रणनीति, नेपाल सरकारको १५ औं योजना, चालू आ.व.को नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था, मस्यौदाको रुपमा तयार भईरहेको बोर्डको चार वर्षीय रणनीतिक योजना, देशव्यापीरुपमा संचालन गरिएका लगानीकर्ता प्रशिक्षण तथा जनचेतना अभिबृद्धि कार्यक्रममा लगानीकर्ताहरुबाट प्राप्त पृष्ठपोषण, सरोकारवालाहरुसँगको छलफल/अन्तरक्रियाबाट प्राप्त सुझाव, धितोपत्र बजार नियमन निकायहरुसम्बन्धी अन्तर्राष्ट्रिय संस्था (IOSCO) को सिद्धान्त तथा मापदण्ड र सार्क क्षेत्रको धितोपत्र बजार तथा सोको नियमन अभ्यास, वस्तु विनिमय बजारसम्बन्धी ऐन, २०७४, सम्पत्ति शुद्धीकरण सम्बन्धी प्रचलित कानुन बमोजिम बढेको नियमन जिम्मेवारीलाई आधारको रुपमा लिइएको छ।

प्रस्तुत नीति तथा कार्यक्रमले नेपालको धितोपत्र बजार तथा वस्तु विनिमय वजारलाई विकास तथा विस्तार गरी स्वस्थ, पारदर्शी, प्रतिस्पर्धी एवं प्रभावकारी बनाई सर्वसाधारणको पहुँच बढाउने उद्देश्य लिई विभिन्न लक्ष्यहरु समेत तोकेको छ। यस नीति तथा कार्यक्रमलाई दुई भागमा प्रस्तुत गरी भाग एकमा आ.व. २०७६।७७ को धितोपत्र बजार र बोर्डको नीति तथा कार्यक्रमको प्रगति समीक्षा गरिएको छ भने भाग दुईमा नीति तथा कार्यक्रमका आधारहरुका साथै उक्त कार्यक्रमको लक्ष्यसहित आर्थिक वर्ष २०७७।७८ को धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी बोर्डको नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ। साथै यसमा बोर्डको विकासात्मक कार्यक्रमहरुलाई विभिन्न चार उप-शीर्षकमा तथा नियमित कार्यक्रमहरुलाई विभिन्न बुँदाहरुमा प्रस्तुत गरिएको छ।

विश्वभर महामारीका रुपमा देखिएको कोभिड-१९ का कारणले स्थानीय तथा विश्व आर्थिक गतिविधिमा संकुचन आई धितोपत्र बजारमा समेत यसको प्रभाव परेको छ। सरकारले लागू गरेको लकडाउनका कारण सहज रुपमा कार्यालय संचालन हुन नसक्दा आ.व. २०७६।७७ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कठिनाइ हुन पुग्यो, जुन अद्यापि विद्यमान छ। विषम परिस्थितिका बाबजुद् बोर्डबाट आ.व. २०७६।७७ मा केही महत्वपूर्ण कार्यहरु सम्पादन गरिएको छ। समीक्षा वर्षमा नेपाल धितोपत्र बोर्ड सूचना प्रविधि नीति, २०७६ जारी गरिएको छ। त्यसैगरी धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा बुक बिल्डिङ्ग विधिमार्फत् सार्वजनिक निष्काशन गर्न सक्ने, हकप्रद सेयर निष्काशनलाई थप प्रभावकारी बनाउने लगायतका व्यवस्था समावेश गरी नियमावली संशोधनका साथै सामूहिक लगानी कोष, क्रेडिट रेटिङ्ग, मर्चेन्ट बैंकर तथा धितोपत्र दलाल व्यवसायीसम्बन्धी

नियमावलीहरुको समसामयिक संशोधन गरिएको छ। लगानीकर्ता प्रत्यक्ष संवाद रेडियो कार्यक्रम हरेक महिनाको दुई पटक संचालन हुदैं आएको छ। २०७६ असारबाट विद्युतीय प्रणालीमार्फत् ऋणपत्रको दोस्रो बजार कारोबार गर्न सक्ने व्यवस्था भएको छ। बोर्डबाट संचालन हुदैं आएको पाक्षिक लगानीकर्ता प्रशिक्षण कार्यक्रमलाई थप परिष्कृत गरी निरन्तरता दिइएको छ। पुँजीगत लाभकर गणनालाई थप सरल र सहज बनाउने क्रममा लगानीकर्ता स्वयंले सिडिएससीको वेबसाइटमार्फत् आधार मूल्य प्रविष्ट गरी पेश गर्न सक्ने व्यवस्था भएको छ। हाल २१ धितोपत्र दलाल व्यवसायीहरुले मार्जिन कारोवार गर्न अनुमति प्राप्त गरेकोमा तिनीहरुको कारोवार संचालन तथा विस्तार गर्ने व्यवस्था मिलाइएको छ। साथै खुलामुखी सामूहिक लगानी कोष संचालनलाई सहजीकरण गरिएको छ। विशिष्टिकृत लगानी कोष नियमावली, २०७५ लागू गरिएकोमा उक्त कोष संचालनका लागि अनुमति प्राप्त गर्नका लागि बोर्डमा ६ वटा निवेदन प्राप्त भई सो को अध्ययन भैरहेको छ। वस्तु विनिमय बजार संचालन गर्न पूर्व स्वीकृतिका लागि मापदण्ड तयार गरिएको छ। ट्रष्ट ऐनको मस्यौदा तथा दोस्रो बजारमा हुने धितोपत्रको कारोबारमा लाग्ने लागतका सम्बन्धमा अध्ययन भैरहेको छ।

बोर्ड धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास, विस्तार तथा सुधारका लागि प्रस्तुत नीति तथा कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयन गर्न प्रतिवद्ध रहेको छ। साथै, बोर्डको नीति तथा कार्यक्रमको कार्यान्वयनमा नेपाल सरकार, नेपाल राष्ट्र बैंक, बीमा समिति, धितोपत्र बजार तथा वस्तु विनिमय बजारका सहभागीहरु, लगानीकर्ता, बजार विज्ञ सहित अन्य सम्पूर्ण सरोकारवाला पक्षहरुको समेत सहयोग एवं सहकार्यको अपेक्षा गर्दछु।

अन्त्यमा, आ.ब. २०७७।७८ को धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम समयमा नै तयार गर्ने बोर्ड संचालक समिति र कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

**साउन ४, २०७७** **(भिष्मराज ढुंगाना)**

**अध्यक्ष**

# विषय-सूची

| विवरण | पृष्ठ नं. |
|---|---|
| प्राक्कथन | |

## भाग एक

**बोर्डको आ.व. २०७६।७७ को धितोपत्र बजारको स्थिति तथा वार्षिक नीति तथा कार्यक्रमको प्रगति समीक्षा**

| | |
|---|---|
| १. पृष्ठभूमि | १ |
| २. विश्व धितोपत्र बजारको स्थिति | १ |
| ३. नेपालको आर्थिक स्थिति | ४ |
| ३.१ यथार्थ क्षेत्र र मूल्य | ४ |
| ३.२ मौद्रिक तथा वित्तीय क्षेत्र | ५ |
| ३.३ सरकारी वित्त क्षेत्र | ६ |
| ३.४ बाह्य क्षेत्र | ६ |
| ४. नेपालको धितोपत्र बजारको स्थिति | ६ |
| ४.१ धितोपत्रको प्राथमिक बजार | ७ |
| ४.२ धितोपत्रको दोस्रो बजार | ८ |
| ४.३ धितोपत्र बजारका सहभागीहरु | ९ |
| ५. नेपाल सरकारको नीति तथा कार्यक्रममा धितोपत्र बजार तथा वस्तु विनिमय बजार | १० |
| ६. वस्तु विनिमय बजारको नियमन तथा सुपरिवेक्षण | ११ |
| ७. बोर्डको आ.व. २०७६।७७ को नीति तथा कार्यक्रमको प्रगति समीक्षा | १२ |

## भाग–दुई

**बोर्डको आ.व. २०७७।७८ को धितोपत्र बजार तथा वस्तु विनिमय सम्बन्धी नीति तथा कार्यक्रम**

| | |
|---|---|
| १. नीति तथा कार्यक्रमको आधारहरु | १४ |
| २. नीति तथा कार्यक्रमको लक्ष्य | १५ |
| ३. नीति तथा कार्यक्रमका प्रमुख विशेषताहरु | १५ |
| ४. विकासात्मक नीति तथा कार्यक्रमहरु | १७ |
| क) समग्र बजार सुधार तथा विकास | १७ |

ख) कानुनी संरचनामा सुधार १९
ग) संस्थागत तथा नियमन क्षमता सबलीकरण २०
घ) अध्ययन तथा अनुसन्धान र लगानीकर्ता प्रशिक्षण २१
५. नियमित कार्यक्रमहरु २२

## अनुसूचीहरु

अनुसूची १ : अन्तर्राष्ट्रिय धितोपत्र बजार २५
अनुसूची २ : नेपालको आर्थिक अवस्था २६
अनुसूची ३ : विगत दश वर्षमा धितोपत्रको प्राथमिक बजार २८
अनुसूची ४: धितोपत्रको प्राथमिक बजार (प्रथम एघार महिनामा आधारित) २८
अनुसूची ५ : विगत दश वर्षमा धितोपत्रको दोस्रो बजार २९
अनुसूची ६ : धितोपत्रको दोस्रो बजार (प्रथम एघार महिनामा आधारित) ३१
अनुसूची ७ : नेपालको वित्तीय प्रणालीको संरचना ३२
अनुसूची ८ : नेपालको धितोपत्र बजारको संरचना ३२
अनुसूची ९ : धितोपत्र बजार ३३
अनुसूची १० : केन्द्रीय निक्षेप कम्पनी ३३
अनुसूची ११ : क्रेडिट रेटिङ्ग संस्था ३३
अनुसूची १२ : सामूहिक लगानी कोष तथा कोष प्रर्वद्धक ३३
अनुसूची १३ : मर्चेन्ट बैंकर ३४
अनुसूची १४ : धितोपत्र दलाल व्यवसायी ३७
अनुसूची १५ : निक्षेप सदस्य ४३
अनुसूची १६ : आस्वा सदस्य ४७
अनुसूची १७: बोर्डको आ.व. २०७६।७७ को धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी कार्यक्रमको प्रगति समीक्षा ५०-७४

# भाग-एक

## बोर्डको आ.व. २०७६।७७ मा धितोपत्र बजारको स्थिति तथा वार्षिक कार्यक्रमको प्रगति समीक्षा

### १. पृष्ठभूमि

धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरूको हक हितको संरक्षण गर्न, धितोपत्रको निष्काशन, खरिद तथा बिक्रीलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरूको काम कारवाहीलाई नियमित र व्यवस्थित गर्नुका साथै वस्तु विनिमय बजारको विकास तथा विस्तारको लागि आवश्यक कानुनी तथा नीतिगत व्यवस्थाहरूको तर्जुमा तथा प्रचलित व्यवस्थाहरूमा बोर्डले समयसापेक्ष पुनरावलोकन गर्दै आइरहेको छ। छरिएर रहेको बचतलाई उत्पादनशील क्षेत्रतर्फ प्रवाहित गर्न महत्वपूर्ण संयन्त्रको रूपमा रहेको नेपालको धितोपत्र बजारमा पछिल्लो समयमा संरचनात्मक परिवर्तनहरू भएका छन् । धितोपत्र बजारको नियमन निकायको रूपमा रहेको नेपाल धितोपत्र बोर्ड (बोर्ड) ले वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ लागू भए पश्चात् वस्तु विनिमय बजार समेतको नियमन कार्य अगाडि बढाएको छ।

नेपालको धितोपत्र बजारलाई प्रविधिमैत्रीं, लगानीमैत्रीं एवं देशव्यापी बनाउने क्रममा बोर्डबाट धितोपत्रको पूर्ण अभौतिक कारोबार हुने व्यवस्था, नेप्सेको कारोबार प्रणालीमार्फत अनलाइनबाट समेत कारोबार हुने व्यवस्था, प्राथमिक बजारमा आस्वा तथा सि-आस्वा प्रणाली लागू, उपत्यका बाहिर धितोपत्र दलाल तथा मर्चेन्ट बैंकरको शाखा विस्तार गर्नका लागि आवश्यक नीतिगत व्यवस्थाहरु गरेको छ । यसरी नियमन क्षमतामा सुदृढीकरण एवं बजारमा गरिएका संरचनात्मक सुधारका कारण पूर्व उदीयमान अवस्थामा रहेको नेपालको धितोपत्र बजार आगामी दिनहरूमा थप स्वस्थ, व्यवस्थित, पारदर्शी एवं प्रभावकारी बजारको रूपमा विकसित हुँदै उदीयमान बजारोन्मुख हुने संभावना बढेको छ। यस भागमा समीक्षा बर्षको बोर्डको प्रगति समीक्षासंगै विश्व धितोपत्र बजारको स्थिति, नेपालको आर्थिक स्थितिको बिश्लेषण समावेश गरिएको छ।

### २. विश्व धितोपत्र बजारको स्थिति

कोभिड-१९ को विश्वव्यापी माहामारीका कारणहरुबाट विकसित देखि विकासोन्मुख राष्ट्रहरुको धितोपत्र बजार परिसूचकहरुमा शुरुवाती दिनहरुमा भारी गिरावट आएको भएतापनि अर्थतन्त्रमा परेको असर कम गर्न विश्वका विभिन्न देशका सरकारहरुले घोषणा गरेको राहत प्याकेज तथा संक्रमणबाट निको हुनेको संख्या वृद्धि हुँदै जाँदा धितोपत्र बजार परिसूचकहरुमा केही बढोत्तरी हुँदै

गएको देखिन्छ। विश्व धितोपत्र बजारमा पछिल्लो दशक कै उच्च बिक्री चापले ठुलो उतारचढाव ल्याएको देखिन्छ । अमेरिकी फेडेरल रिजर्व बैंकले सन् २००८ पछिकै सबैभन्दा उच्च दरमा (१ प्रतिशतले) व्याजदर कटौती गरी ० देखि ०.२५ प्रतिशत कायम गरेको छ भने यस अघि उक्त बैंकले सन् २०२० मार्चको पहिलो हप्तामा ०.५ प्रतिशतले आधार व्याजदर घटाएको थियो। सन २००८ मा उक्त बैंकले विश्व वित्तीय संकटको भुमरीमा पर्दा आधार व्याजदर ०.५ प्रतिशतमात्र घटाएको थियो। धितोपत्र बजारका लगानीकर्ताहरू कोभिड-१९ विश्वभर फैलिनाले सोबाट पर्ने असरहरूबाट अत्यन्तै त्रसित भएको देखिन्छ। अष्ट्रेलिया, क्यानडा तथा मलेसियाका केन्द्रीय बैंकहरूले पनि व्याजदरमा कटौती गरेका छन भने जापानको केन्द्रीय बैंकले बजारमा थप तरलता प्रवाह गरेको थियो। युरोपियन केन्द्रीय बैंक, इङ्ल्याड, न्युजिल्याण्ड, यूएई र साउदी अरबका केन्द्रीय बैंकहरूले समेत त्यस्तो कदम चालेका थिए।

अमेरिकाले कोभिड-१९ को प्रकोपलाई भयावह भन्दै युरोपबाट अमेरिकामा हुने आवागमनलाई बन्देज लगाए पश्चात् विश्व अर्थतन्त्रमा थप ठूलो धक्का पुग्ने त्रासका कारणले भारतीय धितोपत्र बजार समेत निराशाजनक अवस्थामा पुगेको थियो । भारतीय लगायत विश्व धितोपत्र बजार निराशाजनक हुनुको प्रमुख कारण चीनबाट शुरू भएको कोभिड-१९ को प्रकोप भयावह बन्दा विश्व अर्थतन्त्रको प्रमुख क्षेत्रहरूमा पर्ने नकारात्मक प्रभावका कारणले अमेरिका लगायत विश्वका अन्य अर्थतन्त्रहरू मन्दीमा डुब्ने जोखिम बढेको छ। विश्व धितोपत्र बजारमा माथि उल्लेख भए अनुसारको गिरावट आउनुका प्रमुख कारणहरुमा वायुसेवा, पानी जहाज संचालक तथा ठूला उपभोक्ता प्रविधि उत्पादकहरू लगायतका धेरै कम्पनीहरूले प्रकोपबाट अर्थतन्त्रमा परेको प्रभावले उनीहरूको आयमा ठूलो असर पुऱ्याउनेमा सचेत गराउनु, अमेरिकी फेडेरल रिजर्व तथा अमेरिकी सरकार तथा अन्य मुलुकका सरकारहरूले विश्वमा बढेको अनिश्चितता र त्यसले अर्थतन्त्रमा ल्याउन सक्ने दुखद् स्थिति हटाउन सक्नेमा द्विविधा हुनु जस्ता रहेका छन्।

धितोपत्र विनिमय बजारहरुको विश्व संगठन (World Federation of Exchanges) ले प्रकाशन गरेको सन् २०१९ को तथ्यांक विश्लेषण गर्दा सन् २०१८ को तुलनामा विश्व धितोपत्र बजारका अधिकांश परिसूचकहरु सकारात्मक रहेको देखिन्छ। यस अवधिमा धितोपत्रको कारोबार रकममा कमी आएको भएता पनि धितोपत्रको बजार पुँजीकरण तथा प्राथमिक निष्काशन रकममा समेत उल्लेख्य वृद्धि आएको छ।

सन् २०१९ मा अमेरिकी क्षेत्रको धितोपत्र बजारको पुँजीकरण करीव १९.४४ प्रतिशतले बढेकोमा एशिया प्यासिफिक क्षेत्रमा ३०.०१ प्रतिशतले र युरोप, मध्य पूर्व तथा अफ्रिकी क्षेत्रमा ३१.९९ प्रतिशतले बढेको छ। यसरी समग्र विश्वको धितोपत्र बजारको पुँजीकरण मूल्य २५.५८

प्रतिशतले घटेको थियो । गत बर्ष समग्र विश्वको धितोपत्र बजारको पुँजीकरण १४.६२ प्रतिशतले घटेको थियो । समीक्षा बर्षमा अमेरिकी क्षेत्रको धितोपत्रको दोस्रो बजार कारोबार रकममा १५.३७ प्रतिशतले गिरावट आएको छ । यस्तो कारोबार रकममा एशिया प्यासिफिक क्षेत्रमा भने १०.९१ प्रतिशतको बढोत्तरी आएको छ। यस्तै युरोप, मध्यपूर्व तथा अफ्रिकी क्षेत्रको धितोपत्रको दोस्रो बजार कारोबार रकममा १५.३० प्रतिशतको गिरावट आएको छ । यसरी समग्र विश्व धितोपत्रको दोस्रो बजार कारोबार रकममा ७.३७ प्रतिशतले ह्रास आएको छ।

गत बर्ष झैं यस बर्ष पनि विश्व धितोपत्र बजारमा सूचीकृत कम्पनीको संख्यामा सामान्य बृद्धि भएको छ। सन् २०१९ मा कुल सूचीकृत कम्पनीको संख्यामा १.१२ प्रतिशतले बृद्धि आएको छ भने सन् २०१८ मा यस्तो बृद्धि २.७१ प्रतिशत रहेको थियो। कुल सूचीकृत संगठित संस्थाको करिब ५३ प्रतिशत ओगट्ने एशिया प्यासिफिक क्षेत्रमा सूचीकृत संगठित संस्थाको संख्यामा २.४७ प्रतिशतको बृद्धि भएको छ, गत बर्ष उक्त बृद्धि २.५७ प्रतिशत रहेको थियो । एशिया प्यासिफिक क्षेत्रमा सन् २०१९ को अन्तसम्ममा २८,०२१ सूचीकृत संगठित संस्थाहरु रहेका थिए।

प्राथमिक निष्काशन तर्फ यस बर्ष विश्व धितोपत्र बजारमा कुल २०४.१२ ट्रिलियन डलरको प्राथमिक निष्काशन भएको छ, जुन गत बर्षको तुलनामा १२.१५ प्रतिशतले बढी हो । यो बर्ष अमेरिकी धितोपत्र बजारमा प्राथमिक निष्काशनमा सामान्य बृद्धि आएको छ। एशिया प्यासिफिक क्षेत्रमा ९८.६० ट्रिलियन डलरको प्राथमिक निष्काशन भएको छ, जुन गत बर्षको तुलनामा ६.६७ प्रतिशतको वृद्धि हो । यस्तै युरोप, मध्य पूर्व तथा अफ्रिकी क्षेत्रमा प्राथमिक निष्काशन रकममा ४१.७५ प्रतिशतले वृद्धि आई ५२.६७ ट्रिलियन डलर भएको छ।

कोभिड-१९ को शुरुवात पश्चात् सन् २०२० को पहिलो त्रैमासको अवस्था विश्लेषण गर्दा यस अवधिमा अधिकांश सूचकहरुमा गिरावट आएको देखिन्छ। विशेषतः सार्वजनिक निष्काशनमा सबै क्षेत्रमा ठुलो मात्रामा गिरावट आएको देखिन्छ। सन् २०२० को पहिलो त्रैमासमा सन् २०१९ को अन्तिम त्रैमासको तुलनामा अमेरिकी क्षेत्रको धितोपत्र बजारको पुँजीकरण २२.१८ प्रतिशत, एशिया प्यसिफिक क्षेत्रको १७.४६ प्रतिशत र युरोप, मध्य पूर्व र अफ्रिकी क्षेत्रको २२.७९ प्रतिशतले घटेको छ, जुन समग्र बजार पुँजीकरणमा २०.७५ प्रतिशतको गिरावट हो। सन् २०२० को यस अवधिमा अमेरिकी क्षेत्रको धितोपत्रको दोस्रो बजार कारोबार रकममा ५०.०१ प्रतिशत, एशिया प्यासिफिक क्षेत्रमा भने ५९.२८ प्रतिशत र युरोप, मध्यपूर्व तथा अफ्रिकी क्षेत्रको धितोपत्रको दोस्रो बजार कारोबार रकममा ३४.४४ प्रतिशतको बढोत्तरी आएको छ। यसरी समग्र विश्वमा धितोपत्रको दोस्रो बजार कारोबार रकम ५०.९७ प्रतिशतले बढेको छ। यस अवधिमा सूचीकृत कम्पनीहरुको संख्या

करिब १ प्रतिशतले वृद्धि भइ कूल ५२,७०४ पुगेको छ। यस त्रैमासमा अमेरिकी क्षेत्रको प्राथमिक निष्काशनमा ९.५६ प्रतिशत, एशिया प्यासिफिक क्षेत्रमा ८५.७४ प्रतिशत र युरोप, मध्य पूर्व तथा अफ्रिकी क्षेत्रमा २९७.२९ प्रतिशतको गिरावट आएको छ, जुन विश्व धितोपत्र बजारको समग्र प्राथमिक निष्काशनमा १०९.७२ प्रतिशतको गिरावट हो। विश्व धितोपत्र बजारको स्थिति सम्बन्धी विवरण अनुसूची-१ मा प्रस्तुत गरिएको छ।

## ३. नेपालको आर्थिक स्थितिको अवस्था

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमणले मानवीय क्षति हुनुको साथै विश्व अर्थतन्त्रमा गम्भिर असर परेको छ। यो संक्रमणको रोकथाम र नियन्त्रण गर्न चालिएका कदमहरुबाट उत्पादनदेखि आपूर्ति र उपभोगको श्रृंखला समेत खल्बलिएको छ। कोरोना महामारीको कारण आर्थिक क्रियाकलापहरुमा सुस्तता आई विश्व अर्थतन्त्र सन् २०२० मा ३.० प्रतिशतले संकुचन हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को फागुनसम्म समष्टिगत आर्थिक परिसूचकहरु सन्तोषजनक देखिएका छन्। यस अवधिमा मुद्रास्फीति, भुक्तानी सन्तुलन, विदेशी मुद्रा संचिति, लगानी र वित्तीय परिसूचकहरु आर्थिक स्थायित्व अनुकूल हुँदै गएका छन्। यस अवधिमा आयातमा संकुचन आएको निर्यातमा विस्तार भएका कारण व्यापार घाटामा सुधार आएको छ भने शोधनान्तर स्थिति बचतमा रहेको छ। वित्तीय सेवामा उल्लेखनीय विस्तार हुनुका साथै विदेशी लगानी उत्साहप्रद ढंगले बढेको छ।

### ३.१ यथार्थ क्षेत्र र मूल्य

आ.व. २०७६।७७ मा कुल गार्हस्थ्य उत्पादन २.२७ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ। आर्थिक वर्ष २०७५।७६ मा आर्थिक वृद्धि ७.० प्रतिशत भएको संशोधित अनुमान रहेको छ। उक्त वृद्धि आ.व २०७४।७५ मा ६.७ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा कृषि र गैर कृषि क्षेत्रको वार्षिक वृद्धिदर २.६ र २.३ प्रतिशत रहने अनुमान छ भने गत आ.व.मा यस्तो वृद्धि दर क्रमशः ५.१ र ७.४ प्रतिशत रहेको थियो। चालु आ.व.मा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २७.६ प्रतिशत रहेकोमा गैर कृषि क्षेत्रको ७२.४ प्रतिशत योगदान रहेको देखिन्छ। गत वर्षको तुलनामा यस वर्ष कृषि र गैरकृषि क्षेत्रको संरचनामा केही परिर्वतन भएको छ।

समीक्षा अवधिमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदरमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३२.७, २०.३ र ३६.३ प्रतिशत रहेको अनुमान छ। यसैगरी उत्पादित वस्तुहरुमा खुद करको योगदान १०.६ प्रतिशत रहने अनुमान छ। आ.व. २०७६।७७ मा कुल गार्हस्थ उत्पादनमा उपभोगको

अंश ८१.९ प्रतिशत रहेको अनुमान छ। त्यस्तै कुल गार्हस्थ उत्पादनसँग कुल गार्हस्थ बचतको अनुपात गत वर्ष १८.९ प्रतिशत रहेकोमा यसमा केही कमी आई यस वर्ष १८.१ प्रतिशतमा झरेको छ। गत आ.व. २०७५।७६ मा ३३.७ प्रतिशत रहेको कुल गार्हस्थ उत्पादनसँग कुल स्थिर लगानी (कुल पुँजी निर्माण) को अनुपात चालु आ.व. २०७६।७७ मा करिब २८.१ प्रतिशत पुग्ने अनुमान छ। चालु आ.व.मा प्रति व्यक्ति आय ७.५ प्रतिशतले बढेर अमेरिकी डलर १०८५ पुग्ने अनुमान गरिएको छ। आर्थिक वर्ष २०७५।७६ मा कुल गार्हस्थ्य उत्पादनमा वित्तीय मध्यस्थताको क्षेत्रको योगदान ६.३ प्रतिशत रहेकोमा समीक्षा अवधिमा यस्तो योगदान सीमान्तरुप वृद्धि भई ६.६ प्रतिशत हुने अनुमान छ। बैकिंग तथा गैर बैंकिंग क्षेत्रको वित्तीय कारोबारमा बढोत्तरी भएता पनि कोभिड-१९ को कारण वित्तीय सेवा भने प्रभावित भएको छ। आर्थिक वर्ष २०७६।७७ को फागुन मसान्तमा औसत उपभोक्ता मुद्रास्फीति दर ६.५ प्रतिशत रहेको छ। अघिल्लो आ.व.को सोही अवधिमा यस्तो दर ४.२ प्रतिशत रहेको थियो।

### ३.२ मौद्रिक तथा वित्तीय क्षेत्र

आ.व. २०७६।७७ को प्रथम आठ महिनामा विस्तृत मुद्राप्रदाय (M2) ७.३ प्रतिशतले बढेको र संकुचित मुद्राप्रदाय (M1) १.१ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा विस्तृत मुद्रा प्रदाय ८.४ प्रतिशतले बढेको र संकुचित मुद्रा प्रदाय ०.७ प्रतिशतले घटेको थियो। चालु आ.व.मा बैंक तथा वित्तीय संस्थाको निक्षेप ८.० प्रतिशतले वृद्धि भई रु. ३४ खर्ब ९४ अर्ब पुगेको छ। समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जाको वृद्धि ११.३ प्रतिशत रहेको छ जुन गत आ.व.मा १५.७ प्रतिशत रहेको थियो।

वित्तीय क्षेत्रमा द्रुत विस्तार हुँदै गएको छ। वित्तीय पहुँच अभिवृद्धि हुँदै जानुका साथै वित्तीय कारोबारमा समेत उल्लेख्य विस्तार भएको छ। वि.स. २०७६ फागुनसम्म ७४६ स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ। बैंक तथा वित्तीय संस्थाहरुमा देशको कुल जनसंख्याको करिब ६१.० प्रतिशत नागरिकको कम्तिमा एक खाता रहेको छ।

धितोपत्र बजारतर्फ आस्वा तथा सिआस्वा प्रणाली लागू गरेपश्चात् धितोपत्रको प्राथमिक बजारमा ७७ वटै जिल्लाका लगानीकर्ताहरुमा पहुँच पुगेको छ भने धितोपत्रको दोस्रो बजारमा स्वचालित कारोबार प्रणाली प्रयोगमा आए पश्चात् लगानीकर्ताले युजरनेम र पासवर्ड लिई अनलाइन मार्फत कारोबार गर्न सक्ने व्यवस्था हुंदा सोबाट समेत पहुँच विस्तार भएको छ। २०७६ फागुन मसान्तसम्म हितग्राही खाताको कुल संख्या १६ लाख ४६ हजार पुगेको छ। यसका साथै, २०७६ फागुन मसान्तसम्म बीमामा सहभागी हुनेको संख्या कुल जनसंख्याको २२ प्रतिशत पुगेको छ।

### ३.३ सरकारी वित्त क्षेत्र

सार्वजनिक खर्चको पारदर्शिता र गुणस्तर अभिवृद्धि भएको छ । करको आधार तथा दायरा विस्तार भएको छ भने राजस्व चुहावट नियन्त्रणमा उल्लेख्य सफलता प्राप्त भएको छ। विकास साझेदारहरुसँगको सहकार्य बढेको छ। आन्तरिक तथा बाह्य ऋण व्यवस्थापनको नयाँ संरचना तयार भएको छ। आ.व. २०७६।७७ को फागुनसम्म कुल सरकारी खर्च गत आ.व.को सोही अवधिको तुलनामा १२.९ प्रतिशतले वृद्धि भई रु.६ खर्ब १० अर्ब ६८ करोड रहेको छ । सरकारी खर्च मध्ये चालु खर्च रु.४ खर्ब ५० अर्ब ७८ करोड, पुँजीगत खर्च रु.९६ अर्ब ४८ करोड र वित्तीय व्यवस्था रु.६३ अर्ब ४२ करोड रहेको छ। समीक्षा अवधिमा संघीय संचित कोष र विभाज्य कोषमा जम्मा भएको राजस्व गत आ.व.को सोही अवधिको तुलनामा ९.४ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ४६ अर्ब ७९ करोड रहेको छ। जसमध्ये कर राजस्व रु.४ खर्ब ९७ अर्ब ५४ करोड र अन्य राजस्व रु.४९ अर्ब २५ करोड रहेको छ। २०७६ असारसम्म कुल तिर्न बाँकी सार्वजनिक ऋण रु.१० खर्ब ४७ अर्ब ९० करोड रहेकोमा रु.९१ अर्ब ९० करोड थप भई २०७६ फागुनसम्म कुल तिर्न बाँकी सार्वजनिक ऋण रु.११ खर्ब ३९ अर्ब ८० करोड पुगेको छ।

### ३.४ बाह्य क्षेत्र

आ.व. २०७६।७७ को फागुनसम्म कुल वस्तु निर्यात २२.३ प्रतिशतले वृद्धि भई रु. ७४ अर्ब ९१ करोड पुगेको छ भने वस्तु आयात २.६ प्रतिशतले घटेर रु. ९ खर्ब २४ अर्ब २४ करोड रहेको छ। यस अवधिमा वस्तु व्यापार घाटा ४.३ प्रतिशतले संकुचन भई रु. ८ खर्ब ४९ अर्ब ३३ करोड रहेको छ। आ.व. २०७५।७६ को सोही अवधिमा यस्तो घाटा २४.४ प्रतिशतले बढेर रु. ८ खर्ब ८७ अर्ब ८८ करोड पुगेको थियो। गत आ.व.को समीक्षा अवधिमा रु. ५८ अर्ब ९९ करोडले घाटामा रहेको शोधनान्तर स्थिति समीक्षा वर्षमा रु. ३७ अर्ब ८४ करोडले बचतमा रहेको छ। त्यस्तै चालु खाता तर्फको घाटामा सुधार भई रु. १ खर्ब २४ अर्ब ९३ करोड कायम रहेको छ, सो घाटा गत आ.व.को सोही अवधिमा रु. १ खर्ब ९१ अर्ब ४९ करोड रहेको थियो।

नेपालको आर्थिक स्थिति सम्बन्धी विवरणलाई अनुसूची-२ मा प्रस्तुत गरिएको छ।

## ४. नेपालको धितोपत्र बजारको स्थिति

बोर्डबाट समीक्षा वर्षमा बजारसँग सम्बन्धित नियमावलीहरुमा समसामयिक सुधार गर्नुका साथै लगानीकर्ताहरुलाई धितोपत्र बजार सम्बन्धी ज्ञान अभिवृद्धिका लागि विविध कार्यक्रमहरु सम्पन्न भएका छन् भने अर्को तर्फ धितोपत्रको समष्टिगत बजार (प्राथमिक र दोस्रो) को गतिविधि मिश्रित

रहेको छ। यस आ.व.को समीक्षा अवधि अर्थात २०७७ जेठ मसान्तसम्मको स्थितिलाई हेर्दा कोभिड-१९ को संक्रमणका कारण धितोपत्र बजारसमेत प्रभावित भएको अवस्था रहेको छ। यस अवधिमा धितोपत्रको प्राथमिक तथा दोस्रो बजारको अवस्था देहाय अनुसार रहेको छ।

### ४.१ धितोपत्रको प्राथमिक बजार

आ.व. २०७६।७७ को अन्त्यसम्ममा साधारण सेयरको प्राथमिक निष्काशन मार्फत् ९ कम्पनीको रु. ३ अर्ब ९९ करोड, हकप्रद सेयर निष्काशन मार्फत् ११ कम्पनीको रु. ४ अर्ब ४१ करोड, ऋणपत्र निष्काशनतर्फ १२ कम्पनीको रु. २३ अर्ब ५० करोड र म्युचुअल फण्डतर्फ २ योजनाको रु. १ अर्ब ८० करोड गरी कूल ३४ वटा संस्थाको रु. ३३ अर्ब ६५ करोड रुपैयाँ बराबरको पुँजी परिचालनका लागि बोर्डबाट स्वीकृति प्रदान गरिएको थियो। उक्त आ.वा. मा बोनस सेयर तर्फ ९९ संस्थाको कुल रु. ३३ अर्ब ६७ करोड रकम बराबरको बोनस सेयर बोर्डमा दर्ता गरिएको थियो।

कोभिड-१९ को संक्रमणका बीच संगठित संस्थाहरुले सर्वसाधारणमा सेयर जारी गर्न नखोज्नु तथा जलविद्युत कम्पनीको सेयर निष्काशनमा लगानीकर्ताको चासो कम हुदै जानु जस्ता कारणहरुले आ.व. २०७६।७७ को प्रथम एघार महिनासम्ममा प्राथमिक निष्काशनको स्थिति हेर्दा हकप्रद तथा ऋणपत्रको सार्वजनिक निष्काशनमा बढोत्तरी आएको भएतापनि कुल सार्वजनिक निष्काशनमा भने केही कमी आएको देखिएको छ। आ.व. २०७६।७७ को प्रथम एघार महिनाको अवधिमा बोर्डबाट ३० संगठित संस्थाले रु. ३० अर्ब ८९ करोड बराबरको सार्वजनिक निष्काशन अनुमति प्राप्त गरेका छन् जुन गत आ.व.को सोही अवधिको तुलनामा ११.८७ प्रतिशतले कमी भएको हो।

समीक्षा अवधिमा ६ वटा कम्पनीले रु. ३ अर्ब २३ करोड बराबरको प्रारम्भिक निष्काशन अनुमति प्राप्त गरेका छन, जुन गत आ.व. को सोही अवधिमा रु.७ अर्ब २४ करोड रहेको थियो। यसलाई तुलना गर्दा समीक्षा वर्षमा प्रारम्भिक निष्काशन अनुमतिमा करिब ५५ प्रतिशतले कमी आएको छ। अघिल्लो आ.व.को सोही अवधिमा प्रारम्भिक सार्वजनिक निष्काशनतर्फ १३ संगठित संस्थाले रु.३ अर्ब बराबरको निष्काशन अनुमति प्राप्त गरेका थिए। समीक्षा अवधिमा हकप्रद निष्काशनमा भने बढोत्तरी आएको छ। यस अवधिमा ११ सूचीकृत कम्पनीले रु.४ अर्ब ४१ करोड बराबरको हकप्रद निष्काशनका लागि अनुमति पाएका छन् जुन गत आ.व. को सोही अवधिको तुलनामा करिब ९.५५ प्रतिशतको वृद्धि हो।

समीक्षा अवधिमा सार्वजनिक निष्काशन अनुमतिप्राप्त रकम मध्ये रु. २१ अर्ब ४५ करोड रुपैयाँ (कुल रकमको करिव ७० प्रतिशत) ऋणपत्र निष्काशनले ओगटेको छ। नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत् वाणिज्य वैंकलाई चुक्ता पुँजीको २५ प्रतिशत ऋणपत्र निष्काशन गर्नुपर्ने अनिवार्य

व्यवस्था गरेसँगै हालैका वर्षहरुमा प्राथमिक बजारमार्फत् ऋणपत्र निष्काशनमा बृद्धि भएको हो । सामूहिक लगानी योजनातर्फ यस आ.व.को समीक्षा अवधिमा २ योजनाको रु. १ अर्ब ८० करोड बराबरको योजना निष्काशनका लागि अनुमति प्रदान गरिएको छ जुन गत आ.व.को तुलनामा करिब ५३ प्रतिशतले कमी हो ।

त्यसैगरी बोनस सेयर दर्तातर्फ समीक्षा अवधिमा कूल ८१ संगठित संस्थाको रु. ३१ अर्ब ५८ करोड ६७ लाख ६ हजार बराबरको बोनस सेयर बोर्डमा दर्ता गरिएको छ, गत आ.व. मा ८५ संगठित संस्थाले रु. २३ अर्ब ८३ करोड ६३ लाख ५४ हजार रुपैयाँ बराबरको बोनस सेयर दर्ता गरिएका थिए। बोनस सेयर निष्काशन गर्ने सूचीकृत संगठित संस्थातर्फ अझै पनि बैंक, वित्तीय संस्था तथा बीमा कम्पनीहरुको नै बाहुल्यता रहेको छ।

धितोपत्रको प्राथमिक बजारको पछिल्लो १० आर्थिक वर्षहरु तथा पछिल्लो तीन आर्थिक वर्षहरुको प्रथम एघार महिनामा आधारित अवस्थालाई क्रमशः अनुसूची-३ र अनुसूची-४ मा प्रस्तुत गरिएको छ।

## ४.२ धितोपत्रको दोस्रो बजार

आ.व. २०७६।७७ को अन्त्यमा धितोपत्र बजार पुँजीकरण रु. १७ खर्ब ९२ अर्ब ७६ करोड पुगे को छ। आ.व. २०७६।७७ को अन्त्यमा फ्लोट बजार पुँजीकरण रु. ६ खर्ब ३८ अर्ब ९ करोड रहे को छ। त्यसैगरी नेप्से परिसूचक १३६२.३५ विन्दुमा कायम हुनुका साथै फ्लोट बजार सूचकांक ९५.४६ बिन्दुमा पुगेको छ।

कोभिड-१९ को विश्वब्यापी महामारीको अवस्थामा नेपाल सरकारबाट मिति २०७६।१२।११ देखि लागू गरिएको लकडाउनका कारण बन्द भएको धितोपत्रको दोस्रो बजार सरकारबाट अत्यावश्यक क्षेत्रलाई संचालनमा ल्याउने निर्णय भए अनुसार पुनः मितिः २०७७ वैशाख ३० र ३१ गते संचालन गरिएकोमा परिस्थितिमा परिवर्तन आई धितोपत्रको दोस्रो बजार २०७७ जेठ मसान्तसम्म बन्द रहेको थियो । उक्त महामारी पश्चात् धितोपत्रको दोस्रो बजारमा नकारात्मक प्रभाव परेको देखिन्छ। लकडाउनकै अवस्थामा खोलिएको धितोपत्रको दोस्रो बजार केही दिन कारोबारमा परिसूचक तथा कारोबार रकममा गिरावट आएको भएता पनि हालैका दिनहरुमा सोमा सुधार आएको छ। आ.व. २०७६।७७ को प्रथम एघार महिनाको अवस्था तुलना गर्दा गत वर्षको एघार महिनाको तुलनामा धितोपत्रको दोस्रो बजारका प्रमुख सूचकहरु भने सकारात्मक रहेका छन् ।

आ.व. २०७६।७७ को प्रथम एघार महिनाको अवधिमा सूचीकृत कम्पनीहरुको संख्यामा गिरावट आई २१२ कायम हुन पुगेको छ उक्त संख्या गत वर्षको सोही अवधिमा २१३ रहेको थियो। त्यसैगरी समीक्षा अवधिमा सूचीकृत धितोपत्रको संख्या ४६९.८३ करोड रहेको छ भने गत आ.व. मा सो संख्या ४१८.८७ करोड रहेको थियो, जुन यस आ.व. मा १२.१७ प्रतिशतको बढोत्तरी हो। आ.व.

२०७६।७७ को प्रथम एघार महिनाको अन्त्यमा नेप्से सूचकांकमा करिब ६ प्रतिशतको गिरावट आई १२०१.५७ बिन्दु कायम भएको छ, जुन गत वर्षको सोही अवधिमा १२६९.६ बिन्दु रहेको थियो।

समीक्षा अवधिमा फ्लोट सूचकांकमा पनि ८.६६ प्रतिशतले कमी आई उक्त सूचकांक ८५ बिन्दु कायम भएको छ। समीक्षा अवधिमा धितोपत्र कारोबार रकम गत आ. व. को तुलनामा ३९.८३ प्रतिशतको बढोत्तरी आई कुल रु. १ खर्ब ३८ अर्ब ८१ करोड बराबरको धितोपत्र कारोबार भएको छ, जुन गत आ.व.को सोही समयावधिमा कुल रु. ९९ अर्ब २७ करोड रहेको थियो। हाल नेप्सेमा औसत दैनिक कारोबार रकम रु. ८३ करोड १३ लाख रहेको छ जुन गत बर्षको तुलनामा ८६.७४ प्रशितले बढी हो।

समीक्षा अवधिमा दोस्रो बजारको बजार पुँजीकरण रु. १५ खर्ब ३६ अर्ब ४२ करोड पुगेको छ, जुन गत वर्षको तुलनामा २.७२ प्रतिशतले कमी हो। गत बर्षको उक्त अवधिमा दोस्रो बजारको बजार पुँजीकरण रु. १५ खर्ब ७९ अर्ब ३९ करोड रहेको थियो। यस्तै फ्लोट बजार पुँजीकरणमा पनि गत वर्षको तुलनामा १.१० प्रतिशतले बढी चालु आ.व. को जेठ मसान्तसम्म रु. ५ खर्ब ५९ अर्ब कायम भएको छ। यस्तै समीक्षा अवधिमा बजार पुँजीकरणमा कारोबारको प्रतिशत करीब ४१.३७ प्रतिशतले बढोत्तरी आई ८.६८ प्रतिशत पुगेको छ जुन गत आ.व. मा ६.१४ प्रतिशत रहेको थियो।

धितोपत्रको दोस्रो बजारको विगत १० आर्थिक वर्षहरु तथा विगत तीन आर्थिक वर्षहरुको एघार महिनाको अवस्थालाई क्रमशः अनुसूची-५ र अनुसूची-६ मा प्रस्तुत गरिएको छ।

## ४.३ धितोपत्र बजार सहभागी

धितोपत्र बजारको दायरा दिन प्रति दिन बढ्दै गईरहेको सन्दर्भमा बोर्डको नियमन तथा सुपरिवेक्षण क्षेत्राधिकार भित्र देहाय बमोजिमका बजार सहभागीहरु रहेका छन्ः

| क्र.स. | **धितोपत्र बजार सहभागीहरु** (मिति २०७७ जेठ मसान्तसम्मको स्थिति) | **संख्या** | **कैफियत** (विस्तृत विवरण अनुसूचीमा रहेको) |
|---|---|---|---|
| १. | नेपाल स्टक एक्सचेञ्ज लि. | १ वटा | अनुसूची ९ |
| २. | सिडिएस एण्ड क्लियरिङ्ग लि. | १ वटा | अनुसूची १० |
| ३. | क्रेडिट रेटिङ्ग कम्पनी | २ वटा | अनुसूची ११ |
| ४. | सामूहिक लगानी कोष | १४ वटा | अनुसूची १२ |
| ५. | मर्चेण्ट बैंकर | ३२ वटा | अनुसूची १३ |
| ६. | धितोपत्र दलाल (ब्रोकर) | ५० वटा | अनुसूची १४ |
| ७. | निक्षेप सदस्य | ७३ वटा | अनुसूची १५ |
| ८. | आस्वा सदस्य | ५९ वटा | अनुसूची १६ |
| ९. | सूचीकृत संगठित संस्था | २१२ वटा | - |
| | **जम्मा** | **४४४ वटा** | |

## ५. नेपाल सरकारको नीति तथा कार्यक्रममा धितोपत्र बजार तथा वस्तु विनिमय बजार

धितोपत्र बजारको विकास तथा विस्तारका लागि नेपाल सरकारले विगत तीन आर्थिक वर्षहरुमा देहाय बमोजिमको नीति तथा कार्यक्रमहरु घोषणा गरेको थियो।

(क) आर्थिक वर्ष २०७५।७६ को बजेट वक्तव्यमा धितोपत्र बजारको विकास तथा विस्तारका लागि देहाय बमोजिमको कार्यक्रम समावेश भएका थिए।

- वित्तीय क्षेत्रमा नियमन निकायहरुको क्षमता अभिवृद्धि गर्न धितोपत्र ऐनमा समयानुकुल संशोधन गरिनेछ।
- एक अर्ब वा सो भन्दा बढीको पुँजीमा स्थापित सबै उत्पादनमूलक कम्पनीहरुलाई पब्लिक लिमिटेड कम्पनीमा रुपान्तरण भई पुँजी बजारमा सूचीकृत हुनुपर्ने व्यवस्था गरिनेछ।
- प्राइभेट इक्विटी, भेञ्चर फण्ड र हेज फण्ड लगायतका नयाँ संस्थाहरुलाई पुँजी बजारमा प्रवेश गराइनेछ।
- पचास करोड रुपैयाँ वा सो भन्दा बढी चुक्ता पुँजी भएका प्राइभेट लिमिटेड कम्पनीहरुलाई पब्लिक लिमिटेड कम्पनीमा रुपान्तरण हुन प्रोत्साहन स्वरुप तीन वर्षका लागि आयकरमा १० प्रतिशत छुट दिने व्यवस्था गरिनेछ।

(ख) आर्थिक वर्ष २०७६।७७ को बजेट वक्तव्यमा धितोपत्र बजारको विकास तथा विस्तारका लागि देहाय बमोजिमको कार्यक्रम समावेश गरिएको थियो।

- सबै प्रकारको धितोपत्र र ऋणपत्रका दोस्रो बजार कारोबार विद्युतीय प्रणालीमार्फत् गर्न विद्युतीय कारोबार प्रणालीलाई सुरक्षित र पारदर्शी बनाइनेछ। सरकारी ऋणपत्र खरिद/बिक्रीको लागि अनलाइन प्रणाली विकास गरिनेछ। धितोपत्र दोस्रो बजारमा निश्चित रकम भन्दा बढी कारोबार गर्ने लगानीकर्ताहरुको स्थायी लेखा नम्बर सहितको विवरण नेप्से तथा सिडिएससी राफसाफ प्रणालीमा आवद्ध गरिनेछ।
- धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेञ्जको संस्थागत सुधार गरिनेछ। गैर आवासिय नेपालीहरुले दोस्रो बजार मार्फत् पनि लगानी गर्न सक्ने गरी पुँजी बजारलाई फराकिलो बनाइनेछ। ट्रष्टी ऐन तर्जुमा गरी सामूहिक लगानी कोष, सेयर अभौतिकीकरण र सिडिएससी लगायतको कार्य व्यवस्थित गरिनेछ।
- सेयर कारोबारको पुँजीगत लाभकर गणना भारित औसत लागत विधिबाट गर्ने व्यवस्था मिलाई सेयर लगानीकर्ताहरुलाई प्रोत्साहित गर्न हाल प्राकृतिक व्यक्तिहरुलाई लाग्दै आएको करको दर ५ प्रतिशत कायम गरिनेछ।

ग) आर्थिक वर्ष २०७७।७८ को बजेट वक्तव्यमा धितोपत्र बजारको विकास तथा विस्तारका लागि देहाय बमोजिमको कार्यक्रम समावेश गरिएको छ।

- पुँजी बजारको दायरा विस्तार गरी ऋणपत्रको दोस्रो बजार कारोबार शुरु गरिनेछ।
- नेपाल स्टक एक्सचेञ्ज लि. को दोस्रो बजार कारोबारलाई पूर्ण रुपमा विद्युतीय प्रविधिमा आधारित बनाइनेछ।
- पुँजी बजारमा संस्थागत लगानी अभिवृद्धि गर्न आगामी आर्थिक वर्ष स्टक डिलर संचालनमा ल्याइनेछ।
- वस्तु विनिमय बजार संचालनमा ल्याउन आवश्यक व्यवस्था मिलाइनेछ।
- नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि. र सिडिएस एण्ड क्लियरिंग लि. को संरचनात्मक सुधार गरिनेछ।

## ६. वस्तु विनिमय बजारको नियमन तथा सुपरिवेक्षण

नेपाल सरकारबाट वस्तु विनिमय बजार सम्वन्धी ऐन, २०७४ मिति २०७४ भाद्र ११ मा जारी भएकोमा उक्त ऐनको कार्यान्वयनको लागि ऐन प्रमाणिकरण भएको ९१ औं दिन अर्थात मिति २०७४ मंसिर ९ देखि लागू हुने गरी नेपाल सरकारको स्वीकृतिमा बोर्डले वस्तु विनिमय वजार सम्बन्धी नियमावली, २०७४ जारी गरेको छ। यससँगै वस्तु विनिमय बजारको विकास र विस्तार गर्ने जिम्मेवारी समेत बोर्डमा आएको छ। बोर्डबाट वस्तु विनिमय बजारसम्बन्धी व्यवसाय संचालन गर्न चाहने संगठित संस्थाले बोर्डको अनुमति लिएर मात्र उक्त व्यवसाय गर्न गराउन मिति २०७४ मंसिर १२ मा सूचना प्रकाशन गर्नुका साथै संचालन मा रहेका बजारहरुलाई नयाँ करारहरुको कारोबारमा रोक लगाइएको थियो।

त्यसैगरी बोर्डमा वस्तु विनिमय बजार संचालन गर्न ५ वटा प्रस्तावित कम्पनीहरुले पूर्व स्वीकृतिका लागि निवेदन पेश गरेकोमा मुलुकको अर्थतन्त्रको आकार, औद्योगिक व्यवसायको विकास, वस्तु कारोवारको सम्भाव्यता तथा लगानीकर्ताको हित संरक्षणलाई समेत दृष्टिगत गरी वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ को नियम (५) बमोजिम सो कम्पनीहरुले आवश्यक कागजात तथा विवरणहरु पेश गरेको नदेखिएकाले बोर्डले पूर्व स्वीकृति प्रदान नगर्ने निर्णय गरेको थियो।

मिति २०७६ वैशाख १२ मा नयाँ आवेदन दिन चाहने आवेदकका लागि दुई महिनाको समय दिई बोर्डले वस्तु विनिमय बजार संचालनको पूर्व स्वीकृतिका लागि सूचना प्रकाशन गरी पुनः निवेदन पेश गर्न आव्हान गरेको थियो। इन्कार गरिएका आवेदकले समेत पूर्व स्वीकृतिका लागि पुनः आवेदन

गर्न सक्ने व्यवस्था समेत गरिएको थियो । यस क्रममा उल्लेखित समयावधिभित्र ६ संस्थाको निवेदन प्राप्त भएको छ । यसरी वस्तु विनिमय बजार संचालनका लागि पूर्व स्वीकृति प्रदान गर्दा प्रस्तावित कम्पनीको पुँजी र रणनीतिक साझेदार, प्रस्तावित प्रविधि, व्यवसायिक योजना, संस्थागत स्वामित्व संलग्नता र व्यवस्थापनको योग्यताको आधारमा पूर्व स्वीकृतिको प्रकृया अगाडि बढाइएको छ ।

## ७. बोर्डको आ.व. २०७६।७७ को नीति तथा कार्यक्रमको प्रगति समीक्षा

धितोपत्र बजार तथा वस्तु विनिमय बजारको नियमन निकायको रुपमा बोर्डले हालका वर्षहरुमा नियमन तथा सुपरिवेक्षणको कार्य थप प्रभावकारीरुपमा गर्दै आएको छ भने अर्कोतर्फ बोर्डले बजार विकास तथा सुधारको क्रममा पनि विभिन्न कोणबाट सुधारका प्रयासहरु गरिरहेको छ । यसरी धितोपत्रको प्राथमिक र दोस्रो बजारमा संरचनात्मक सुधार हुदै गएको देखिन्छ । कोभिड-१९ महामारीका कारणले धितोपत्र बजारमा समेत यसको प्रतिकूल प्रभाव परेको छ । सरकारले लागू गरेको लकडाउनका कारण सहज रुपमा कार्यालय संचालन गर्न नसक्दा आ.व. २०७६।७७ को नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न कठिनाइ परिरहेको अवस्था विद्यमान छ । विषम परिस्थितिका बाबजुद बोर्डबाट समीक्षा अवधिमा देहायका मुख्य कार्यहरु सम्पादन गरिएको छ ।

समीक्षा वर्षमा पुँजी बजारमा देखिएका समस्याहरुको समाधानका लागि नेपाल सरकारले गठन गरेको समितिले दिएका ५८ बुँदे सुझावहरुमध्ये बोर्डसँग सम्बन्धित सुझावहरुमध्ये बोर्डले करिब ६८ प्रतिशत सुझावको कार्यान्वयन गरिसकेको छ भने अन्य बाँकी सुझावहरु सम्पन्न हुने क्रममा रहेकका छन् । धितोपत्र बजारलाई सूचना प्रविधिमैत्री बनाउनका लागि नेपाल धितोपत्र बोर्ड सूचना प्रविधि नीति, २०७६ जारी गरेको छ । बोर्डले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा बुक विल्डिङ्ग विधिमार्फत् सार्वजनिक निष्काशन गर्न सक्ने, हकप्रद  सेयर निष्काशनलाई थप प्रभावकारी बनाउने लगायतका व्यवस्था समावेश गरी नियमावली संशोधनका लागि नेपाल सरकार, अर्थ मन्त्रालयमा पेश गरेकोमा सोमा स्वीकृति प्राप्त भई २०७६ साल फागुन १ गते देखि लागू गरेको छ ।

त्यसैगरी बोर्डले धितोपत्र दर्ता तथा निष्काशन, सामूहिक लगानी कोष, क्रेडिट रेटिङ्ग, मर्चेन्ट बैंकर तथा धितोपत्र दलाल व्यवसायीसम्बन्धी नियमावलीहरुको समसामयिक संशोधन गरेको छ । बोर्डले भित्री कारोबार निषेध सम्बन्धी नियमावली, २०७६ को मस्यौदा स्वीकृतिका लागि नेपाल सरकार,

अर्थ मन्त्रालयमा पेश गरिएको छ। २०७६ श्रावणबाट लगानीकर्ता प्रत्यक्ष संवाद रेडियो कार्यक्रम हरेक महिनाको दुई पटक संचालन गर्दै आएको छ। त्यसैगरी बोर्डबाट पाक्षिक लगानीकर्ता प्रशिक्षण कार्यक्रमलाई थप परिष्कृत गरी यसको संचालनलाई निरन्तरता दिइएको छ। २०७६ असारबाट ऋणपत्रको दोस्रो बजार कारोवार विद्युतीय प्रणालीमार्फत् शुरु भएको छ। पुँजीगत लाभकर गणनालाई थप सरल र सहज बनाउने क्रममा लगानीकर्ता स्वयंले सिडिएससीको वेबसाइटमार्फत् आधार मूल्य प्रविष्ट गरी पेश गर्न सकिने व्यवस्था भएको छ। कुल २१ धितोपत्र दलाल व्यवसायीहरुले मार्जिन कारोवार गर्न अनुमति प्राप्त गरेकोमा हालसम्म १ वटामार्फत् मार्जिन कारोवार सेवा शुरु भैसकेको छ।

साथै खुलामुखी सामूहिक लगानी कोष संचालनमा आएको छ। विशिष्टिकृत लगानी कोष नियमावली, २०७५ लागू गरिएकोमा उक्त कोष संचालनका लागि अनुमति प्राप्त गर्न ६ वटा निवेदन प्राप्त भई सो को अध्ययन भैरहेको छ। बोर्डबाट वस्तु विनिमय बजार संचालन गर्न पूर्व स्वीकृति प्रदान गर्नका लागि आवश्यक मापदण्ड तयार गरी प्राप्त ६ वटा निवेदनहरुको अध्ययन भैरहेको छ। ट्रष्ट ऐनको मस्यौदा तथा  दोस्रो बजारमा हुने धितोपत्रको कारोबारमा लाग्ने लागतका सम्बन्धमा अध्ययन भैरहेको छ। बोर्डको आ.व. २०७६।७७ को नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा अनुसूची-१७ मा विस्तृतरुपमा प्रस्तुत गरिएको छ।

# भाग दुई

## बोर्डको आ.व. २०७७।७८ को धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम

बोर्डबाट विगतका वर्षहरु देखि नै धितोपत्र बजार तथा वस्तु विनिमय बजार (बजार) सम्बन्धी नीति तथा कार्यक्रमको सार्वजनिक प्रकाशन गर्ने गरिएको छ। बजारको विकास तथा विस्तारका लागि बोर्डको नियमन तथा सुपरिवेक्षण क्षमता अभिबृद्धि गर्दै बजारलाई स्वच्छ, पारदर्शी र अत्याधुनिक बनाउँदै लैजानुपर्ने आवश्यकता छ। यस क्रममा बोर्डले धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास, विस्तार तथा सुधारका लागि आ.व. २०७७/७८ मा सम्पन्न गर्नुपर्ने विभिन्न विकासात्मक तथा नियमित कार्यक्रमहरु समावेश गरी बोर्डको नीति तथा कार्यक्रम तर्जुमा गरेको छ।

### १. कार्यक्रम तयारीका आधारहरु

बोर्डले आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम देहायका आधारमा तयार गरेको छः

- नेपाल सरकारको १५ औं योजनामा समावेश भएका पुँजी बजार सम्बन्धी नीति तथा कार्यक्रमहरु,
- नेपाल सरकारको आ.व. २०७७/७८ को बजेट वक्तव्यमा समावेश भएको आर्थिक साथै धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम,
- नेपाल सरकारको वित्तीय क्षेत्र विकास रणनीति अन्तर्गत सम्पन्न हुनुपर्ने धितोपत्र बजारसम्बन्धी नीति तथा कार्यक्रमहरु,
- धितोपत्र सम्बन्धी प्रचलित ऐनका अतिरिक्त वस्तु विनिमय बजार र सम्पत्ति शुद्धीकरणसम्बन्धी ऐनहरुले बोर्डलाई दिएको जिम्मेवारी,
- धितोपत्र बजार नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (IOSCO) को सिद्धान्त तथा मापदण्ड र सार्क क्षेत्रका धितोपत्र बजार तथा सोको नियमन अभ्यास,
- बोर्डको चारवर्षीय रणनीतिक योजनाको मस्यौदा,
- बोर्डको आ.व. २०७६/७७ को नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्था,
- बोर्डबाट देशव्यापी रुपमा संचालन गरेको लगानीकर्ता प्रशिक्षण तथा जनचेतना अभिबृद्धि कार्यक्रम, देशको वर्तमान प्रादेशिक संरचना, बोर्डको आ.व. २०७७/७८ को नीति तथा कार्यक्रमका सम्बन्धमा पुँजी बजार विज्ञ तथा सरोकारवालापक्षहरुबाट प्राप्त सुधार तथा विकाससम्बन्धी राय सुझाव आदि।

## २. नीति तथा कार्यक्रमको लक्ष्य

बोर्डको आ.व. २०७७।७८ को धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी नीति तथा कार्यक्रमले नेपालको धितोपत्र बजार र वस्तु विनिमय बजारलाई विकास तथा विस्तार गर्दै स्वस्थ, पारदर्शी, प्रतिस्पर्धी र प्रभावकारी बनाई सर्वसाधारणको पहुँच बढाउन बोर्डले देहाय बमोजिमको लक्ष्य लिएको छ :

१. धितोपत्र बजार तथा  तथा वस्तु विनिमय बजारको विकास गरी IOSCO को मापदण्ड अनुरुपको बनाउँदै लैजाने,

२. बोर्डको संस्थागत तथा नियमन क्षमता अभिबृद्धि गर्ने,

३. धितोपत्र बजार तथा वस्तु विनिमय बजारको प्रभावकारी नियमन, सुपरिवेक्षण तथा व्यवस्थापनका लागि आवश्यक कानुनी संरचनाको विकास तथा सुदृढीकरण गर्ने,

४. बजार सुपरिवेक्षण व्यवस्थामा सुधार गर्नुका साथै अध्ययन/अनुसन्धान गर्ने,

५. बजार सहभागीहरुको व्यवसायिकता तथा स्तर अभिवृद्धि र कार्य क्षेत्र विस्तार गर्ने,

६. प्रदेशस्तरमा समेत धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी जनचेतना अभिवृद्धिसहित समष्टिगत वित्तीय साक्षरतालाई सुदृढ गर्दै जाने ।

## ३. नीति तथा कार्यक्रमका प्रमुख विशेषताहरु

नेपाल सरकारले आर्थिक वर्ष २०७७।७८ का लागि प्रस्तुत गरेको बजेटमा समावेश भएको आर्थिक तथा धितोपत्र बजारसम्बन्धी नीति तथा कार्यक्रम, नेपाल सरकारको १५ औं योजना, वित्तीय क्षेत्र विकास रणनीतिका साथै बोर्डमा सरोकारवालापक्षहरुबाट प्राप्त रचनात्मक सुझावहरुको आधारमा बोर्डले आर्थिक वर्ष २०७७।७८ को धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरेको छ । यस नीति तथा कार्यक्रमले बोर्डको संस्थागत तथा नियमन क्षमताको अभिवृद्धि गर्दै धितोपत्र बजार तथा वस्तु विनिमय बजारलाई अन्तर्राष्ट्रिय स्तरको बनाउने क्रममा बजार पूर्वाधारहरुको विकाससँगै बजार सहभागीहरुको कार्यक्षेत्र, स्तर तथा व्यवसायिकतामा सुधार ल्याउने, बजार सुपरिवेक्षण व्यवस्थामा सुधार गर्ने तथा वित्तीय साक्षरताको स्थितिलाई सुदृढ गर्ने जस्ता लक्ष्यहरु लिएको छ।

आ.व. २०७७।७८ को धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रमलाई विकासात्मक र नियमित गरी दुई भागमा विभाजन गरी प्रस्तुत गरिएको छ। विकासात्मक कार्यक्रमका प्रमुख विशेषताहरु देहाय बमोजिम रहेका छन्ः

**क) समग्र बजार विकास तथा सुधारः**

नेप्सेको कारोवार प्रणालीलाई धितोपत्रका लगानीकर्ताहरुको बैंक खाता तथा डिम्याट खातासंग आवद्ध गर्ने, धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट प्रणाली T+2 मा हुने तथा नेप्सेको TMS लाई प्रभावकारी बनाउने, IOSCO को साधारण सदस्यता प्राप्त गर्ने कार्य अगाडि बढाउने, बजारसम्बन्धी आवधिक रणनीतिक योजना तयार गरी लागू गर्ने, वस्तु विनिमय बजार संचालन गर्ने कम्पनी स्थापना गर्न अनुमति दिने र वस्तु कारोबार व्यवसायीहरुलाई अनुमतिपत्र दिने, धितोपत्र केन्द्रीय निक्षेप सेवालाई स्तरीय बनाउने, सूचीकृत सरकारी ऋणपत्रहरुको पूर्णरुपमा अभौतिकीकरण गरी सरकारी ऋणपत्र तथा संस्थागत ऋणपत्रको दोस्रो बजार कारोवार हुने व्यवस्था मिलाउने, धितोपत्र व्यापारी (Stock Dealer) लाई अनुमति दिने, विशिष्टिकृत लगानी कोषहरु संचालन अनुमति दिने, धितोपत्र दलाल व्यवसायीको आधिकारिक प्रतिनिधिको व्यवस्था गर्ने, साना तथा मझौला कम्पनीहरुको लागि छुट्टै कारोबार हुने गरी SME Platform  तथा अन्य कम्पनीको कारोबारका लागि Main Board को व्यवस्था गर्ने, केन्द्रीय तथ्याङ्क भण्डारण सम्बन्धी सफ्टवेयर विकास गरी तथ्याङ्कहरुको नियमित प्रशोधन तथा अभिलेख राख्ने व्यवस्था गर्ने र बोर्डको आन्तरिक कार्य प्रणालीलाई प्रविधिमैत्री बनाउन आवश्यक सफ्टवेयरहरु खरिद तथा विकास गर्ने जस्ता कार्यक्रमहरु रहेका छन् ।

**ख) कानुनी संरचनामा सुधार**

धितोपत्र बजारको दीर्घकालीन विकासका लागि ट्रष्ट ऐनको मस्यौदा गर्ने, हाल धितोपत्र सम्बन्धी ऐन, २०६३ रहेकोमा अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यास अनुसार नेपाल धितोपत्र बोर्डलाई जवाफदेहितासहितको अधिकार सम्पन्न नियमन निकाय बनाउन नेपाल धितोपत्र बोर्ड ऐनको तथा धितोपत्र कारोवार तथा धितोपत्र व्यवसायीहरुको नियमनलाई प्रभावकारी बनाउन धितोपत्र कारोवार ऐनको मस्यौदा गर्ने, भित्री कारोवार बन्देज नियमावली कार्यान्वयनमा ल्याउने, सार्वजनिक निष्काशनमा बुक विल्डिङ्ग प्रणाली लागू गर्ने, संगठित संस्थाहरुको मर्जर तथा प्राप्ति सम्बन्धी व्यवस्था भएकोमा सो लाई कार्यान्वयन गर्न यस सम्बन्धी निर्देशिका तर्जुमा गरी लागू गर्ने र धितोपत्र बजारमा गैर आवासीय नेपालीलाई प्रवेश गराउन आवश्यक कार्यविधि तर्जुमा गर्ने ।

**ग) संस्थागत तथा नियमन क्षमता सबलीकरण**

बोर्डमा नयाँ संगठन संरचना लागू गर्ने, विद्युतीय विवरण प्रवाह प्रणाली (Electronic Reporting and Retrieval System-ERRS) विकास गरी लागू गर्ने, सूचना प्रविधि नीति लागू गर्न आवश्यक

निर्देशिका बनाउने, बोर्डको क्षमता अभिवृद्धि गर्न अन्तर्राष्ट्रिय प्रतिष्ठित संस्थासग साझेदारी विकास गरी सुपरीवेक्षकीय तथा नियामकीय क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने तथा बोर्डको प्रादेशिक कार्यालय स्थापना सम्बन्धमा अध्ययन गरी जग्गा प्राप्ति कार्य अगाडि बढाउने ।

**घ) अध्ययन तथा अनुसन्धान र लगानीकर्ता प्रशिक्षण**

| ५८ | सामूहिक लगानी कोष, क्रेडिट रेटिङ्ग संस्था, धितोपत्र व्यवसायी र सूचीकृत कम्पनीको विस्तृत विवरण (Profile) तयार तथा अद्यावधिक गर्ने । | धितोपत्र व्यवसायी/ धितोपत्र बजार, सिडिएस तथा कोष सुपरिवेक्षण महाशाखा | • सूचीकृत कम्पनीहरुको सम्बन्धमा सूचीकृत कम्पनीहरुको नाम, ठेगाना, अधिकृत पुंजी, जारी पुँजी र चुक्ता पुँजी, कम्पनीका संचालकहरुको नाम, जगेडा कोष, प्रति सेयर आम्दानी, मूल्य आम्दानी अनुपात, प्रति सेयर नेटवर्थ लगायतका विवरण राखी विस्तृत विवरण तयार भैरहेको ।<br>• धितोपत्र व्यवसायीहरुको प्रोफाइल तयार गरिएको । उक्त प्रोफाईलमा व्यवसायीहरुको संचालक विवरण, सेयरधनी लगत विवरण, कर्मचारी विवरण, वित्तीय विवरण, बोर्डमा पेश गरेको अन्य विवरण, स्थलगत तथा गैरस्थलगत सुपरीवेक्षणमा देखिएको कैफियतहरुको विवरण, बोर्डबाट भएगरेको काम कारबाहीको विवरणहरु समावेश गरिएको तथा निरन्तर रुपमा अद्यावधिक गरिएको ।<br>• सामूहिक लगानी कोषको सम्बन्धी विस्तृत विवरण (Profile) सँग सम्बन्धित सूचनाहरु Excel Sheet मा राख्ने गरिएको । |

| क्र. स. | बोर्डबाट आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम | सम्बन्धित महाशाखा | प्रथम एघार महिनासम्म (२०७७ जेठ मसान्तसम्म) भए गरेका कार्यको प्रगति समीक्षा |
|---|---|---|---|
| ५९ | धितोपत्र बजारमा कारोबार हुने सूचीकृत कम्पनी, कारोबार रकम, कारोबार हुने धितोपत्र आदि सम्बन्धमा Alert Generating Real Time Surveillance गर्न Automated Market Surveillance System विकासका लागि दक्षिण एशियाली राष्ट्रको नियमन निकायसँग सहकार्य गर्ने । | धितोपत्र व्यवसायी सुपरिवेक्षण महाशाखा | यस सम्बन्धमा छलफल बढाइएको । अरु नियमन निकायसँगको सहकार्य सम्बन्धमा आन्तरिक छलफल गरिएको । |
| **१.४.६** | **अध्ययन /अनुसन्धान तथा वित्तीय साक्षरता अभिवृद्धि** | | |
| ६० | वित्तीय क्षेत्र विकास रणनीतिको आ.व. २०७६।७७ अन्तिम वर्ष भएकाले सोको समीक्षा गरी सोही आधारमा त्रीवर्षीय धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी रणनीतिक योजना (२०७७/७८-२०८०/८१) को प्रारुप तयार गर्ने । | नीति, अनुसन्धान तथा योजना महाशाखा | धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी रणनीतिक योजना मस्यौदा कार्य भैरहेको । |
| ६१ | वस्तु विनिमय बजारको संचालन तथा नियमन सम्बन्धमा क्षमता अभिवृद्धि गर्न विदेशी विज्ञहरुमार्फत बोर्डको जनशक्ति तथा अन्य पदाधिकारीहरुलाई सहभागी गराई उच्चस्तरीय नीतिगत छलफल तथा अर्न्तक्रिया कार्यक्रम आयोजना गर्ने । | नीति, अनुसन्धान तथा योजना महाशाखा | वस्तु विनिमय बजार सम्बन्धित कार्यक्रमहरुमा बोर्डका पदाधिकारी तथा कर्मचारीहरुको सहभागिता भएको । |
| ६२ | धितोपत्र बजारमा महिला तथा जेष्ठ नागरिकको सहभागिता बढाउन समावेशी नीति लिने सम्बन्धमा अध्ययन गर्ने । | नीति, अनुसन्धान तथा योजना महाशाखा | धितोपत्र बजारमा महिला तथा जेष्ठ नागरिकको सहभागिता बढाउन धितोपत्र दलाल व्यवसायीहरुको टेडिंङ विण्डो व्यवस्था गरिएको । |
| ६३ | विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ लागू भैसकेको सन्दर्भमा गैर आवासीय नेपाली तथा विदेशी संस्थागत लगानीकर्तालाई धितोपत्रको दोस्रो बजारमा भित्र्याउने सम्बन्धमा आवश्यक अध्ययन गर्ने । | नीति, अनुसन्धान तथा योजना महाशाखा | मुद्रा तथा पुंजीबजारमा देखिएको प्रवृत्तिहरुको समग्र मूल्याङ्कन गरी वित्तीय स्थायित्व एवम् लगानीका लागि स्रोत व्यवस्थापन सम्बन्धी सुझाब दिन नेपाल सरकारबाट मिति २०७५।०८।२० मा नेपाल राष्ट्र बैंकको डेपुटी गर्भनरको संयोजकत्वमा गठित समितिले दिएको सुझाव प्रतिवेदन (५८ बुँदे) मा समावेश भई कार्य अगाडि बढेको । |
| ६४ | धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी सम्पूर्ण विवरण तथा तथ्याङ्कहरुको एकीकृत व्यवस्थापनसम्बन्धी अध्ययन गरी केन्द्रीय धितोपत्र बजार तथा कमोडिटी फ्यूचर्स बजार तथ्याङ्क बैंकको सुदृढ गर्दै जाने । | नीति, अनुसन्धान तथा योजना महाशाखा | धितोपत्र बजारसँग सम्बन्धित तथ्यांकहरुको व्यवस्थापन सम्बन्धी कार्य नियमितरुपमा गरिरहेको । |
| ६५ | धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी विभिन्न शैक्षिक तालिम संचालन तथा अध्ययन अनुसन्धान गरी नीति निर्माणमा सहयोग गर्न धितोपत्र तथा फ्यूचर्स बजार र वित्तीय शिक्षा प्रशिक्षण संस्था (Securities, Futures Market and Financial Education Institute-SFFEI) शीघ्र स्थापना गर्ने । | नीति, अनुसन्धान तथा योजना महाशाखा | धितोपत्र तथा फ्यूचर्स बजार र वित्तीय शिक्षा प्रशिक्षण संस्था स्थापना गर्ने सम्बन्धमा उक्त प्रशिक्षण संस्थाको अवधारणा सम्बन्धी संक्षिप्त अध्ययन गरी प्रतिवेदन तयार गरिएको । |

| क्र. स. | बोर्डबाट आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम | सम्बन्धित महाशाखा | प्रथम एघार महिनासम्म (२०७७ जेठ मसान्तसम्म) भए गरेका कार्यको प्रगति समीक्षा |
|---|---|---|---|
| ६६ | उपलब्ध तथ्याङ्क तथा जानकारीहरुको आधारमा धितोपत्र बजार विकास तथा सुधारसम्बन्धी नीति तथा कार्यक्रमहरुको प्रभावकारिता सम्बन्धमा अध्ययन गर्ने । | नीति, अनुसन्धान तथा योजना महाशाखा | उपलब्ध तथ्याङ्क तथा जानकारीहरुको आधारमा धितोपत्र बजार विकास तथा सुधारसम्बन्धी नीति तथा कार्यक्रमहरुको प्रभावकारिता सम्बन्धमा अध्ययन भैरहेको । |
| ६७ | वित्तीय साक्षरता रणनीति तयार भैरहेको परिप्रेक्ष्यमा वित्तीय साक्षरता अभिवृद्धिका लागि अध्ययन गरी उपयुक्त ढाँचा बनाउने । | नीति, अनुसन्धान तथा योजना महाशाखा | वित्तीय साक्षरता अभिवृद्धिका लागि Basic level को पाठ्क्रम तयार गरिएको साथै Advance level को पाठ्क्रम तयारीको क्रममा रहेको । |
| ६८ | धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी ज्ञान अभिवृद्धि गर्न कानुन व्यवसायी, पत्रकार तथा विभिन्न सरकारी निकायहरुमा उक्त संस्थाहरुसँगको सहकार्यमा प्रतिष्ठान स्तरीय तालिम/प्रशिक्षण कार्यक्रम आयोजना गर्ने । | नीति, अनुसन्धान तथा योजना महाशाखा | विभिन्न निकायहरुसँग संयुक्त आयोजनामा कार्यक्रमहरु आयोजना गरिदै आएको । |
| ६९ | कलेज तथा स्कूलका विद्यार्थीहरुलाई वित्तीय बजार सम्बन्धी जानकारी दिन वित्तीय बजारसम्बन्धी जानकारी पुस्तिका तयार गरी व्यापक रुपमा वितरण गर्ने । | नीति, अनुसन्धान तथा योजना महाशाखा | कलेज तथा स्कूलका विद्यार्थीहरुलाई वित्तीय बजार सम्बन्धी जानकारी दिन वित्तीय बजारसम्बन्धी जानकारी पुस्तिकाको प्रारम्भिक मस्यौदा तयार गरिएको । |
| ७० | बोर्डबाट २०७६ वैशाख देखि मासिकरुपमा लगानीकर्ता प्रत्यक्ष संवाद रेडियो कार्यक्रम शुरुवात गरिएकोमा यस आ.व. देखि प्रत्येक दुई हप्ता अर्थात महिनाको दुई पटक संचालन गर्ने । | नीति, अनुसन्धान तथा योजना महाशाखा | २०७६ श्रावणदेखि लगानीकर्ता प्रत्यक्ष संवाद रेडियो कार्यक्रम प्रत्येक महिनाको दुई पटक संचालन भैरहेको । |
| ७१ | बोर्ड र कम्पनी रजिष्ट्रार कार्यालयको सहकार्यमा बोर्ड तथा कम्पनी रजिष्ट्रार कार्यालय तथा अन्य सम्बन्धित निकायका पदाधिकारीहरु र एक अर्ब वा सो भन्दा बढीको पुँजीमा स्थापित उत्पादनमूलक कम्पनीहरुका प्रमुखहरु तथा विज्ञहरुलाई संलग्न गराई पब्लिक कम्पनी तथा धितोपत्र बजारमार्फत् पुँजीपरिचालन सम्बन्धमा छलफल/अर्न्तक्रिया कार्यक्रम आयोजना गर्ने । | नीति, अनुसन्धान तथा योजना महाशाखा | कम्पनी रजिष्ट्रार कार्यालयसँग एक अर्ब वा सो भन्दा बढीको पुँजीमा स्थापित उत्पादनमूलक कम्पनीहरुको नामावली माग गरिएकोमा सो प्राप्त हुने क्रममा रहेको । |
| ७२ | पछिल्लो समयमा काठमाडौं उपत्यका बाहिरसमेत पुँजीबजार गतिविधिहरु बढ्दै गएकाले यस सम्बन्धी जानकारी तथा सचेतना अभिबृद्धि गरी यसमा व्यापक जनसहभागिता बढाउन प्रदेश नं १ बाट शुरु गरिएको प्रादेशिक पुँजीबजार प्रर्दशनीलाई बजार सहभागीहरुमार्फत अन्य प्रदेशहरुमा संचालन गर्न आवश्यक सहजीकरण गर्ने । | नीति, अनुसन्धान तथा योजना/व्यवस्थापन महाशाखा | यस सम्बन्धमा यस आ.व. को चौथो त्रैमासिक अवधिमा गर्ने गरी छलफल गरिएकोमा कोभिड-१९ ले सृजित बन्दाबन्दीको कारण यस्ता प्रर्दशनीहरु गर्नका सहज अवस्था नरहेको । |

| क्र. स. | बोर्डबाट आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम | सम्बन्धित महाशाखा | प्रथम एघार महिनासम्म (२०७७ जेठ मसान्तसम्म) भए गरेका कार्यको प्रगति समीक्षा |
|---|---|---|---|
| १.५ | नियमित कार्यक्रमहरु | | |
| १.५.१ | धितोपत्रहरु दर्ता तथा निष्काशन स्वीकृति र व्यवसाय संचालन अनुमति तथा विनियमावली स्वीकृति | | |
| १. | संगठित संस्थाहरुको धितोपत्रहरु दर्ता गर्ने, विवरणपत्र बिक्री प्रस्ताव, हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण पुस्तिका स्वीकृत गर्ने र विवरण पुस्तिका प्रकाशन गर्न संगठित संस्थाहरुलाई स्वीकृति प्रदान गर्ने । | नियमन महाशाखा | • यस आ.व. को प्रथम १० महिनामा प्रारम्भिक सार्वजनिक निष्काशन तर्फ ६ संगठित संस्थाको रु. ३ अर्व २३ करोडको साधारण सेयर दर्ता गरी सार्वजनिक निष्काशनका लागि विवरणपत्र प्रकाशन गर्न स्वीकृति प्रदान गरिएको । साथै, हकप्रद सेयर निष्काशन तर्फ ११ सूचिकृत संगठित संस्थाको रु. ४ अर्व ४१ करोडको साधारण सेयर दर्ता गरी सार्वजनिक निष्काशनका लागि स्वीकृति प्रदान गरिएको । त्यस्तै, ११ संगठित संस्थाको रु. २१ अर्व ४५ करोडको ऋणपत्र (डिबेञ्चर) दर्ता गरी सार्वजनिक निष्काशनका लागि स्वीकृति प्रदान गरिएको र सामूहिक लगानी कोष तर्फ २ योजना व्यवस्थापकलाई रु. १ अर्व ८० करोडको सामूहिक लगानी कोष योजना दर्ता गरी सार्वजनिक निष्काशनका लागि अनुमति प्रदान गरिएको । यसरी समीक्षा अवधिमा बोर्डबाट ३० संगठित संस्थाले रु. ३० अर्ब ८९ करोड रुपैयाँ बराबरको सार्वजनिक निष्काशन अनुमति प्राप्त गरेका छन् ।<br>• बोनस सेयर दर्तातर्फ समीक्षा अवधिमा ७० संगठित संस्थाले रु. २५ अर्व २५ करोड रुपैयाँ बराबरको बोनस सेयर दर्ता गरेका छन् । |
| २. | धितोपत्र बजार, वस्तु विनिमय बजार तथा व्यवसायीहरु, धितोपत्र दलाल, निष्काशन तथा बिक्री प्रबन्ध, सेयर रजिष्ट्रार, लगानी व्यवस्थापन, प्रत्याभूति, योजना व्यवस्थापन, डिपोजिटरी, निक्षेप सदस्य, आस्वा सहभागी, क्रेडिट रेटिङ्ग तथा अन्य धितोपत्र व्यवसाय गर्न प्राप्त निवेदनहरुको अध्ययन गरी अनुमतिपत्र/दर्ता प्रमाणपत्र प्रदान गर्ने तथा नवीकरण गर्ने । | नियमन महाशाखा | धितोपत्र व्यवसायीहरुलाई समीक्षा अवधिमा अनुमतिपत्र/दर्ता प्रमाणपत्र देहाय बमोजिम प्रदान गरिएको छः<br>१. मर्चेण्ट बैंकिंग तर्फ हिमालयन क्यापिटल लि. (निष्काशन तथा बिक्रि प्रबन्ध, सेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभूति, लगानी व्यवस्थापन, संस्थागत परामर्श सेवा) र माछापुच्छे क्यापिटल लि. (धितोपत्र प्रत्याभूति, लगानी व्यवस्थापन, संस्थागत परामर्श सेवा)<br>२. निक्षेप सदस्यतर्फ क्रमशः सुन्धारा सेक्यूरिटिज लि., हिमालयन क्यापिटल लि., ज्योति विकास बैंक लि. लाई दर्ता प्रमाणपत्र प्रदान गरिएको छ<br>३. आस्वा सदस्यतर्फः क) पोखरा फाइनान्स लि., ख) रिलायन्स फाइननान्स लि., ग) सप्तकोशी डेभलपमेण्ट बैंक लि., घ) गोर्खाज फाइनान्स लि., ङ) गण्डकी विकास बैंक लि., च) ज्योती विकास बैंक लि., छ) नेपाल कम्यूनिटी डेभलपमेण्ट बैंक लि, ज) देवः विकास बैंक लि., झ) सिर्जना फाइनान्स लि., ञ) तिनाउ विकास बैंक लि., ट) पूर्णिमा विकास बैंक लि., ठ) प्रोग्रेशिभ फाइनान्स लिमिटेड |

| क्र. स. | बोर्डबाट आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम | सम्बन्धित महाशाखा | प्रथम एघार महिनासम्म (२०७७ जेठ मसान्तसम्म) भए गरेका कार्यको प्रगति समीक्षा |
|---|---|---|---|
| ३. | सामूहिक लगानी कोष स्थापना गर्न चाहने संगठित संस्थाहरुबाट प्राप्त निवेदनहरुको अध्ययन गरी कोष दर्ता गर्ने तथा कोष सुपरीवेक्षकको कार्य गर्न चाहनेहरुलाई स्वीकृति प्रदान गर्ने । | नियमन महाशाखा | समीक्षा अवधिमा प्रभु बैंक लि., मेगा बैंक लि. र कुमारी बैंक लि. कोष प्रबर्द्धक रहेको तीन नयाँ सामूहिक लगानी कोष दर्ता गरिएको । त्यस्तै, कोष सुपरिवेक्षकका लागि प्राप्त निवेदनको अध्ययन गरी स्वीकृति प्रदान गरिएको । |
| ४. | धितोपत्र बजार तथा धितोपत्रको केन्द्रीय निक्षेप कम्पनीबाट बोर्डको स्वीकृतिका लागि पेश हुने नयाँ विनियमावली तथा विनियमावली संशोधनको पुनरावलोकन गरी स्वीकृत गर्ने । | कानुन तथा प्रबलीकरण महाशाखा | सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ को छैटौं संशोधन स्वीकृतिका लागि बोर्डमा पेश भएकोमा हाल सो स्वीकृतिको प्रक्रियामा रहेको । |
| ५. | वस्तु विनिमय बजार तथा राफसाफ कम्पनीबाट बोर्डको स्वीकृतिका लागि पेश हुने नयाँ विनियमावली पुनरावलोकन गरी स्वीकृत गर्ने । | कानुन तथा प्रबलीकरण महाशाखा | हालसम्म वस्तु विनिमय बजारले अनुमतिपत्र प्राप्त गरिनसकेले विनियमावली स्वीकृतिका लागि प्राप्त हुने अवस्था नरहेको । |
| **१.५.२** | **बजार अनुगमन, सुपरिवेक्षण तथा कारवाही** | | |
| ६. | धितोपत्रको सार्वजनिक निष्काशनमा आस्वा प्रणालीमा सहभागी कम्तिमा २५ प्रतिशत बैंक तथा वित्तीय संस्थाको स्थलगत सुपरिवेक्षण गर्ने । | धितोपत्र व्यवसायी सुपरिवेक्षण महाशाखा | • मिति २०७६।०५।२६ को निर्णय अनुसार दिपेश ताम्राकार, आनन्द न्यौपाने र राजकुमार पण्डित बाट नेपालगन्ज र सुर्खेतमा ५ वटा आस्वा प्रणालीमा सहभागी बैंक तथा वित्तीय संस्थाको स्थलगत सुपरिवेक्षण गरीएको ।<br>• मिति २०७६।०५।२० को निर्णय अनुसार सुरज प्रधानाङ्ग, हरि भुषाल र बसन्त रसाली बाटविराटनगर, इटहरी र धरानमा १३ वटा आस्वा प्रणालीमा सहभागी बैंक तथा वित्तीय संस्थाको स्थलगत सुपरिवेक्षण गरीएको ।<br>• मिति २०७६।०६।०१ को निर्णय अनुसार अन्जु महतो, सरस्वती जी.सी. र सनु खड्काबाट नारायणगढ र हेटौडामा १२ वटा आस्वा प्रणालीमा सहभागी बैंक तथा वित्तीय संस्थाको स्थलगत सुपरिवेक्षण गरिएको ।<br>• मिति २०७६।०६।२४ को निर्णय अनुसार कृष्ण प्रसाद घिमिरे, भुवन देसार र बिपिन सापकोटा बाट धनगढी र महेन्द्रनगरमा १० वटा आस्वा प्रणालीमा सहभागी बैंक तथा वित्तीय संस्थाको स्थलगत सुपरिवेक्षण गरीएको ।<br>• मिति २०७६।०५।२६ को निर्णय अनुसार दिपेश ताम्राकार, आनन्द न्यौपाने र राजकुमार पण्डित बाट नेपालगन्ज र सुर्खेतमा ५ वटा आस्वा प्रणालीमा सहभागी बैंक तथा वित्तीय संस्थाको स्थलगत सुपरिवेक्षण गरीएको । |

| क्र. स. | बोर्डबाट आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम | सम्बन्धित महाशाखा | प्रथम एघार महिनासम्म (२०७७ जेठ मसान्तसम्म) भए गरेका कार्यको प्रगति समीक्षा |
|---|---|---|---|
| | | | • मिति २०७६।०६।१७ को निर्णय अनुसार लक्ष्मी पौडेल र एलिजा फुयाँल बाटबुटवल र भैरहवामा ५ वटा आस्वा प्रणालीमा सहभागी बैंक तथा वित्तीय संस्थाको स्थलगत सुपरिवेक्षण गरीएको ।<br>• मिति २०७६।०६।२९ को निर्णय अनुसार अम्बिका ओझा गुप्ता र दिपिका मास्के बाटपोखरा तथा बाग्लुङमा २ वटा आस्वा प्रणालीमा सहभागी बैंक तथा वित्तीय संस्थाको स्थलगत सुपरिवेक्षण गरीएको । |
| ७. | सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र सम्पत्ति शुद्धीकरण तथा आतंककारी कृयाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशिन, २०७६ ले गरेको व्यवस्था बमोजिम धितोपत्र व्यवसायमा संलग्न सम्पूर्ण व्यक्ति, लगानीकर्ताहरुको ग्राहक पहिचान (KYC) गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन स्थितिको सुपरिवेक्षण गर्ने । | धितोपत्र व्यवसायी सुपरिवेक्षण महाशाखा | सो सम्बन्धमा देहाय बमोजिम सुपरीवेक्षण गरिएकोः<br>• AML/CFT सम्बन्धी आन्तरिक कार्यविधी रहे नरहेको ।<br>• सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लागनी निवारण निर्देशिका २०७६ बमोजिम पेश गर्नुपर्ने अर्ध वार्षिक प्रतिवेदन पेश गरेको ।<br>• STR / TTR reporting गरे नगरेको ।<br>• ग्राहक पहिचान वर्गिकरण गरे नगरेको ।<br>• KYC सम्बन्धी विवरण अद्यावधिक गरे नगरेको ।<br>• AML/CFT सम्बन्धमा वोर्डमा छलफल गरिएको ।<br>• AML/CFT सम्बन्धी कर्मचारीलाई तालिम दिए नदिएको । |
| ८. | धितोपत्रको निष्काशन, बाँडफाँड, सूचीकरणसम्बन्धी काम कारवाहीहरुको सम्बन्धमा कम्तिमा ५० प्रतिशत मर्चेन्ट बैंकरहरुको स्थलगत निरीक्षण गर्नुका साथै नियमित रुपमा कामकारवाहीहरुको गैह-स्थलगत सुपरिवेक्षण गर्ने । | धितोपत्र व्यवसायी सुपरिवेक्षण महाशाखा | • मर्चेन्ट बैंकरहरुको गैरस्थलगत सुपरीवेक्षणबाट प्राप्त विवरण, तथ्याङ्क एंव विगतका स्थलगत निरीक्षणका आधारमा संकलित विवरणहरुको अध्ययन एंव आन्तरिक प्रयोजनका लागि तयार पारिएको Grading Matrix समेतका आधारमा १५ वटा मर्चेन्ट बैंकरहरुको छनोट गरिएको । सोहि अनुरुप ७ वटामर्चेन्ट बैंकरहरुको स्थलगत सुपरीवेक्षण गरिएको र ४ वटा स्थलगत सुपरीवेक्षण प्रतिवेदन पेश गरिएको । कोरोना माहामारीको कारण ३ वटा मर्चेन्ट बैंक स्थलगत सुपरीवेक्षणको पेश गर्न बाँकी रहेको ।<br>• समिक्षा अवधिमा उक्त ४ मर्चेन्ट बैंकरहरुको स्लगत सुपरीवेक्षणमा देखिएका कमजोरी जस्तै ग्राहकको पहिचान, वर्गिकरण, जोखिमको मूल्याङ्कन, STR, TTR reporting, ग्राहक पहिचान विवरण अध्यावधिक गर्न लगायतका निर्देशनहरु दिईएको । |

| क्र. स. | बोर्डबाट आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम | सम्बन्धित महाशाखा | प्रथम एघार महिनासम्म (२०७७ जेठ मसान्तसम्म) भए गरेका कार्यको प्रगति समीक्षा |
|---|---|---|---|
| | | | समिक्षा अवधिमा उक्त ४ मर्चेन्ट बैंकरहरुको स्लगत सुपरीवेक्षणमा देखिएका कमजोरी जस्तै ग्राहकको पहिचान, वर्गिकरण, जोखिमको मूल्याङकन, STR ,TTR reporting, ग्राहक पहिचान विवरण अध्यावधिक गर्न लगायतका निर्देशनहरु दिईएको ।<br>• गैर स्थलगत सुपरिवेक्षणका आधारमा स्थलगत सुपरिवेक्षण गर्नका लागि matrix तयार गरिएको ।<br>• धितोपत्र निष्काशन, बाँडफाट सम्बन्धमा विवरण प्राप्त गरिएको ।<br>• PMS का सम्बन्धमा आवश्यक तथ्यांक संकलन गरी अध्ययन गरिएको ।<br>• वार्षिक, अर्ध वार्षिक लगायत अन्य विवरण जानकारी निरन्तर रुपमा प्राप्त गरिएको ।<br>• समयमा विवरण पेश नगरेको व्यवसायीलाई पत्राचार गरिएको ।<br>त्यसैगरी ३१ वटा मर्चेन्ट बैंकरहरुको गैरस्थलगत सुपरिवेक्षणबाट देहाय बमोजिम देखिएकोः<br>• २५ वटा मर्चेन्ट बैंकरहरुले वार्षिक प्रतिवेदन समयमै पेश गरेको, ५ वटा मर्चेन्ट बैंकरहरुले समय थप गर्न माग गरेको र कानुन बमोजिम प्रदान गरिएको समयावधिमा विवरण पेश गरेको र १ वटा मर्चेन्ट बैंकरले पेश नगरेको ।<br>• २८ वटा मर्चेन्ट बैंकरहरुले श्रम अडिट प्रतिवेदन पेश गरेको ।<br>• २५ वटा मर्चेन्ट बैंकरहरुले सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लागनी निवारण निर्देशिका २०७६ बमोजिम पेश गर्नुपर्ने अर्ध वार्षिक प्रतिवेदन पेश गरेको<br>• ३० वटा मर्चेन्ट बैंकरहरुले प्रथम अर्धवार्षिक प्रतिवेदन समयमै पेश गरेको ।<br>• समिक्षा अवधिमा ३ वटा साधारण सेयर, १६ वटा ऋणपत्र १२ हकप्रद र ३ सामुहिक लगानी कोषको निष्काशन भएको र निष्काशित सेयरहरुको सुपरीवेक्षण गरिएको ।<br>समिक्षा अवधिमा ११ संस्थाहरुले हकप्रदमा बिक्री नभएका धितोपत्रहरु वोलकबोलबाट विक्री गरेको र सो को सुपरीवेक्षण गरिएको । |

| क्र. स. | बोर्डबाट आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम | सम्बन्धित महाशाखा | प्रथम एघार महिनासम्म (२०७७ जेठ मसान्तसम्म) भए गरेका कार्यको प्रगति समीक्षा |
|---|---|---|---|
| ९. | धितोपत्र खरिद बिक्री सम्बन्धमा लगानीकर्ताहरुको आदेशको कार्यान्वयन, कारोवार राफसाफ तथा फछ्र्यौट, निक्षेप सदस्यको सेवा प्रवाह तथा ऐन नियमको पालना सम्बन्धमा कम्तिमा २० प्रतिशत धितोपत्र दलाल व्यवसायी तथा निक्षेप सदस्यको स्थलगत निरीक्षण गर्नुका साथै अन्य कामकारवाहीहरुको नियमित रुपमा गैह-स्थलगत सुपरिवेक्षण गर्ने । | धितोपत्र व्यवसायी सुपरिवेक्षण महाशाखा | • धितोपत्र दलाल व्यवसायीहरुले विगत ३ बर्षको बोर्डमा पेश गरेको बार्षिक प्रतिवेदनको आधारमा नोक्सान व्यहोर्ने ११ वटा धितोपत्र दलाल व्यवसायीहरुको स्थलगत सुपरिवेक्षण गर्ने टोली गठन गरिएको । सोही अनुरुप धितोपत्र व्यवसायीहरुको सुपरिवेक्षण दिग्दर्शन बमोजिम उक्त टोलीले समिक्षा अवधीमा ३ वटा धितोपत्र दलाल व्यवसायीको स्थलगत सुपरिवेक्षण गरेको । समिक्षा अवधिमा उक्त २ धितोपत्र दलाल व्यवसायीको स्थलगत सुपरिवेक्षणमा देखिएको कैफियतहरुको सम्बन्धमा निर्णयबमोजिम स्पष्टिकरण समेत सोधिएको ।<br>• आर्थिक बर्ष २०७६।७७ को अर्धबार्षिक अवधि सम्म ६५% निक्षेप सदस्य तथा तिनका शाखाहरुको स्थलगत निरीक्षण भईसकेको ।<br>• निक्षेप सदस्यको **गैह-स्थलगत सुपरिवेक्षण पनि नियमित** रुपमा भईरहेको । २० वटा (४० %) धितोपत्र व्यवसायीको स्थलगत निरीक्षण गर्न आवश्यक तयारी भैरहेको । स्थलगत निरीक्षणका लागि धितोपत्र दलाल व्यवसायीको छनौट कार्य अगाडी बढाइएको ।<br>**गैर स्थलगत सुपरिवेक्षण**<br>• सुपरिवेक्षण प्रतिवेदनको प्रारम्भिक मस्यौदा गरिएको ।<br>• धितोपत्र खरिद बिक्री कारोवारको निरन्तर अनुगमन गरिएको ।<br>• वार्षिक, अर्ध वार्षिक लगायत अन्य विवरण प्राप्त गरिएको ।<br>• समयमा विवरण पेश नगरेको व्यवसायीलाई पत्राचार गरिएको ।<br><br>५० धितोपत्र दलाल व्यवसायीमध्ये ४२ वटाले समयमानै बार्षिक विवरण पेश गरेकोमा बाँकि ८ वटाले म्याद थपको लागि माग गरेको र कानुनबमोजिम प्रदान गरिएको समयाबधिमा विवरण पेश गरेको ।<br>• धितोपत्र दलाल व्यवसायीले नियम परिपालना प्रतिवेदन प्रत्यक अर्धवर्षमा पेश गर्नुपर्नेमा यस आ.ब.मा सर्म्पुण दलाल व्यवसायीले प्रथम नियमपालना प्रतिवेदन समयमानै पेश गरेको ।<br>• धितोपत्र दलाल व्यवसायीले प्रत्यक त्रैमासमा पेश गर्नुपर्ने त्रैमासिक प्रतिवेदन यस समिक्षा अवधिमा सर्म्पुण दलाल व्यवसायीले समयमानै पेश गरेको । तर कोरोना महामारीको कारण तेस्रो त्रैमासमा पेश गर्नुपर्ने प्रतिवेदन पेश नभएको ।<br>• धितोपत्र खरिद बिक्री कारोवारको निरन्तर अनुगमन गरिएको । बोर्डमा बुझाउनुपर्ने अन्य बिवरणहरु पनि समयमा नै पेश भएको । |

| क्र. स. | बोर्डबाट आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम | सम्बन्धित महाशाखा | प्रथम एघार महिनासम्म (२०७७ जेठ मसान्तसम्म) भए गरेका कार्यको प्रगति समीक्षा |
|---|---|---|---|
| १०. | सामूहिक लगानी कोषको लगानी व्यवस्थापन तथा अन्य काम कारवाही सम्बन्धमा कम्तिमा ५० प्रतिशत योजना व्यवस्थापक तथा डिपोजिटरीहरुको स्थलगत निरीक्षण तथा अन्य काम कारवाहीहरुको गैरस्थलगत निरीक्षण गर्ने । | धितोपत्र व्यवसायी सुपरिवेक्षण महाशाखा | **सामूहिक लगानी योजनाको स्थलगत निरीक्षणको सम्बन्धमाः**<br>संचालन मा रहेका १० वटा योजना व्यवस्थापक मध्ये हालसम्म २ वटा योजना व्यवस्थापकहरु अर्थात २० प्रतिशतको स्थलगत सुपरिवेक्षण कार्य सम्पन्न भईसकेको छ र अन्यको स्थलगत सुपरिवेक्षण गर्ने प्रक्रियामा रहेको छ।<br><br>**सामूहिक लगानी योजनाको गैर स्थलगत निरीक्षणको सम्बन्धमाः**<br>सामूहिक लगानी कोषको सम्बन्धमा, मासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक प्रतिवेदन/विवरणको आधारमा सामूहिक लगानी कोष योजनाहरुको योजनाको आकार, धितोपत्र, मुद्दति निक्षेप लगायतमा गरिएको लगानी, खुद सम्पत्ती मूल्य, विवरण सार्वजनिक जानकारीको लागि प्रकाशन गरिएको/नगरिएको लगायका विवरणहरु अद्यावधिक गर्ने गरिएको । अहिले १० वटा म्युचुअल फण्डहरुको कुल १८ वटा योजनाहरु संचालन मा रहेका छन् । जसको गैर स्थलगत सुपरिवेक्षण गर्दा निम्न अवस्था रहेको देखिन्छः-<br><br>**आ.व. २०७६।७७ को दोस्रो त्रैमासिक प्रतिवेदनः**<br>आ.व. २०७६।७७ को दोस्रो त्रैमासिक प्रतिवेदन १ वटा सामूहिक लगानी योजनाले ढिला पेश गरेका छन् ।<br>**आ.व. २०७५।७६ को वार्षिक वित्तीय विवरण (वार्षिक प्रतिवेदन):**<br>आ.व. २०७५।७६ को वार्षिक वित्तीय विवरण (वार्षिक प्रतिवेदन) २ वटा सामूहिक लगानी योजनाहरुले ढिला गरी पेश गरेका छन् ।<br><br>**आ.व. २०७६।७७ को प्रथम अर्धवार्षिक कोष सुपरिवेक्षकको प्रतिवेदनः**<br>आ.व. २०७६।७७ को प्रथम अर्धवार्षिक कोष सुपरिवेक्षकको प्रतिवेदन २ वटा सामूहिक लगानी योजनाहरुले ढिला गरी पेश गरेका छन् ।<br>ढिला विवरण पेश गर्नेहरुलाई आगामी दिनमा समयमै पेश गर्न जानकारी गराईएको । |

| क्र. स. | बोर्डबाट आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम | सम्बन्धित महाशाखा | प्रथम एघार महिनासम्म (२०७७ जेठ मसान्तसम्म) भए गरेका कार्यको प्रगति समीक्षा |
|---|---|---|---|
| ११. | धितोपत्र बजार, केन्द्रीय निक्षेप कम्पनी, सूचीकृत संगठित संस्था, निक्षेप सदस्य, आस्वा सदस्य तथा क्रेडिट रेटिङ्ग संस्थाको वित्तीय विवरण प्रवाह, वार्षिक साधारण सभा, सूचना प्रवाह तथा अन्य कामकारवाहीको सम्बन्धमा नियमित रुपमा गैह-स्थलगत सुपरिवेक्षण गर्ने व्यवस्था गर्ने । | धितोपत्र व्यवसायी/ धितोपत्र बजार, सिडिएस तथा कोष सुपरिवेक्षण महाशाखा | • नेप्सेले मिति २०७६।१०।०१ मा अन्तिम लेखा परिक्षण भएको वित्तीय विवरण पेश गरेको । साथै त्रैमासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्ने गरेकोमा बार्षिक प्रतिवेदन पेश गर्न मिति २०७६।०९।२९ मा नियमावलीको व्यवस्था बमोजिम आ.व.सम्पन्न भएको तीन (३) महिना भित्र बोर्ड समक्ष पेश गर्न पत्राचार गरिएको ।<br>• केन्द्रीय निक्षेप कम्पनीको गैह-स्थलगत सुपरिवेक्षण कार्य धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को आधारमा गर्ने गरिएको छ। सिडिएससीले नियमावलीको व्यवस्था बमोजिमको प्रतिवेदनहरु समयमै पेश गर्ने गरेको।<br>• मिति २०७६।१०।०१ मा आर्थिक बर्ष २०७५।७६ मा निक्षेप सदस्यलाई कुनै कारवाही नगरेको हुनाले कुनै प्रतिवेदन पेश नगरेको र धितोपत्र वा केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ बमोजिमका प्रतिवेदनहरु समयमै बोर्डमा पेश गर्ने जानकारी दिइ पत्र पेश गरेको ।<br>**सूचीकृत संगठित संस्थाको सम्बन्धमा**<br>आ. व. २०७६।०७७ को दोस्रो चौमासिक अवधिसम्म जम्मा ११८ (बाणिज्य बैंक समूहका २५, विकास बैंक १२, वित्त कम्पनी १५, लघुवित्त ३४, जीवन बिमा ४, निर्जीवन बिमा कम्पनी ४, हाइड्रोपावर कम्पनी १५, उत्पादन कम्पनी ६, होटल ३, ट्रेडिङ कम्पनी १ र अन्य समूहका ३ कम्पनी) सूचीकृत संगठित संस्थाहरुले आ. व. २०७५।०७६ को वार्षिक प्रतिवेदन बोर्डमा पेश गरेको । जसमध्ये २२ कम्पनीले तोकिएको समयमा प्रतिवेदन पेश गरेका छन्। समयमा प्रतिवेदन पेश नगर्ने संगठित संस्थालाई मिति २०७६।१०।१२ मा पत्राचार गरिएकोमा ५१ संगठित संस्था मध्ये बिमा कम्पनीहरुले एक्चुअरी भै रहेको र अन्य कम्पनीको वित्तीय विवरण स्वीकृतिको क्रममा रहेको लगायतको जवाफ पेश गरेको ।<br>**त्रैमासिक प्रतिवेदन सम्बन्धमा**<br>**आ.व. २०७६।०७७ को प्रथम त्रैमासिक प्रतिवेदन**<br>प्रथम त्रैमासमा जम्मा २११ सूचीकृत संगठित संस्थाहरुमध्ये १४९ संगठित संस्थाबाट प्रथम त्रैमासको त्रैमासिक प्रतिवेदन बोर्डमा पेश गरिएका । |

| क्र. स. | बोर्डबाट आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम | सम्बन्धित महाशाखा | प्रथम एघार महिनासम्म (२०७७ जेठ मसान्तसम्म) भए गरेका कार्यको प्रगति समीक्षा |
|---|---|---|---|
| | | | **आ.व. २०७६।०७७ को दोस्रो त्रैमासिक प्रतिवेदन**<br>यस अवधिमा सूचीकृत संगठित संस्थाहरुको मर्जर तथा प्राप्ती पश्चात २०८ संगठित संस्था कायम रहेकोमा १४७ सूचीकृत संगठित संस्थाहरुले तोकिएको समयमा र १४ संस्थाले ढिलो गरि त्रैमासिक प्रतिवेदन पेश गरेको रे प्रतिवेदन पेश नगर्ने संगठित सस्थाको संख्या ४७ रहेको । प्रतिवेदन पेश नगर्ने तथा ढिला गरी पेश गर्ने सूचीकृत संस्थालाई ऐन बमोजिम कारबाही तथा आर्थिक जरीवाना गर्ने सम्बन्धमा विस्तृत विवरण तयार गरी छलफलको क्रममा रहेको ।<br>**वार्षिक साधारण सभा सम्बन्धमा**<br>आ.व. २०७५।०७६ दोस्रो चौमासिक अवधिमा कायम २०८ सूचीकृत संगठित संस्थाहरुमध्ये ११७ संस्था (वाणिज्य बैंक २५, विकास बैंक १३, वित्त कम्पनी १३, लघुवित्त कम्पनी ३३, जलविद्युत कम्पनी २०, निर्जीवन बिमा कम्पनी १, उत्पादन मूलक कम्पनी ६, होटल ३, अन्य समूहका ३) ले आ. व. २०७५।०७६ को वार्षिक साधारण सभा गरेको बोर्डमा जानकारी गराएका छन । बिमा कम्पनीहरुको एक्चुयरी भै नसकेको र वित्तीय संस्थाहरुको वित्तीय विवरण स्वीकृत भैनसकेकोले साधारण सभा हुन नसकेको लगायतका जानकारी गराएका ।<br>**मूल्य सम्बेदनशील सूचना सम्बन्धमा**<br>यस अवधिमा बोर्डमा २९० वटा मूल्य संवेदनशील सूचना प्राप्त भएको<br>**आस्वा सदस्यहरुको निम्न विषयमा गैर स्थलगत सुपरिवेक्षण गरिएको:** आस्वा सेवा उपलब्ध गराउने शाखाहरुको विवरण अद्यावधिक गरे नगरेको र आस्वा सम्बन्धमा कुनै गुनासो रहे नरहेको ।<br>**क्रेडिट रेटिङ्ग संस्थाको निम्न विषयमा गैर स्थलगत सुपरिवेक्षण गरिएको:** वार्षिक विवरणहरु समयमै पेश गरे नगरेको, त्रैमासिक रुपमा रेटिङ्ग सम्बन्धी विवरणहरु पेश गरे नगरेको र स्वीकृत तथा अस्वीकृत रेटिङ्गको विवरण पठाए नपठाएको । |

| क्र. स. | बोर्डबाट आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम | सम्बन्धित महाशाखा | प्रथम एघार महिनासम्म (२०७७ जेठ मसान्तसम्म) भए गरेका कार्यको प्रगति समीक्षा |
|---|---|---|---|
| १२. | धितोपत्र बजारमा कारोवार हुने सूचीकृत कम्पनी, कारोवार रकम, कारोवार हुने धितोपत्र आदि सम्बन्धमा नेपाल स्टक एक्सचेञ्जमा हुने धितोपत्र कारोवारको Real Time Surveillance गर्ने । | धितोपत्र व्यवसायी सुपरिवेक्षण महाशाखा | • धितोपत्र कारोवारको Real Time Surveillance भैरहेको ।<br>• कारोवारसँग सम्बन्धित सूचना जानकारी विवरण प्राप्त गरी अध्ययन तथा विश्लेषण गरिएको ।<br>• कारोवारको अध्ययन क्रममा विभिन्न लगानीकर्ताको KYC माग गरी अध्ययन गरिएको । |
| १३. | वस्तु विनिमय बजार तथा वस्तु विनिमय कारोबार व्यवसायीहरुको विवरण प्रवाह तथा अन्य कामकारवाहीको सम्बन्धमा परिष्कृत एवं नियमित रुपमा गैहस्थलगत सुपरिवेक्षण गर्ने व्यवस्था गर्ने तथा आवश्यकतानुसार स्थलगत निरीक्षण गर्ने । | वस्तु विनिमय बजार सुपरिवेक्षण | वस्तु विनिमय बजार संचालन भए पश्चात नियमित रुपमा गैरस्थलगत सुपरिवेक्षण गरिने । |
| १४. | धितोपत्र सम्बन्धी कसूरका सम्बन्धमा आवश्यकता अनुसार अनुसन्धान तथा तहकिकात गर्ने र ऐन नियमको पालना नगर्ने पक्षहरु उपर धितोपत्र सम्बन्धी ऐन, २०६३ को व्यवस्था अनुसार आवश्यक कारवाही अगाडि बढाउने तथा बोर्ड पक्ष वा विपक्ष भएका मुद्दा मामिलाको पुर्पक्ष वा प्रतिरक्षा गर्ने । | कानुन तथा प्रबलीकरण महाशाखा | • सर्वोच्च अदालतमा कारवाहीमा रहेको ११ बटा मुद्दा मध्ये २ वटा पुनरावेदन र ९ वटा रिट निवेदनमा बोर्डबाट वहस पैरवी भै मुद्दा पूर्पक्ष भएकोमा एउटा रिट निवेदनको माग बमोजिम नभई पुनरावेदन अदालतको फैसला सदर भएको ।<br>• सो मध्ये धितोपत्र व्यवसायी सन्दीप जलानको मुद्दामा निस्सा जारी भै बोर्डको तर्फबाट पूनरावेदन दर्ता भएकोमा विपक्षी झिकाउने आदेश भएको ।<br>• काठमाडौं जिल्ला अदालतमा गोविन्द घिमिरे विरुद्द अभियोग पत्र दायर भएकोमा प्रतिवादी फेला नपरेकोले फेला परेपछि मुद्दा जगाउने गरी तामेली फैसला भएकोमा बैंकिङ्ग कसुरमा प्रहरीले निजलाई फेला पारेको भन्ने बोर्डको जानकारीमा आएकोले सो कसुरमा मुद्दा किनारा लागेपछि उक्त अदालतमा म्याद तामेल गर्न लागि सहयोगको लागि महानगरीय प्रहरी परिसर टेकुमा निवेदन दिएको तथा जिल्ला सरकारी वकिलको कार्यालय ववरमहलमा सोको जानकारी गराइएको । |
| **१.५.३ बजार विकासका लागि सुझाव, नीति तथा कार्यक्रम तयारी तथा प्रगति पुनरावलोकन र गुनासा समाधान** | | | |
| १५. | धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम तर्जूमा र धितोपत्र बजार सुधार तथा विकासका लागि आवश्यकतानुसार नेपाल सरकार समक्ष राय सुझाव प्रस्तुत गर्ने । | नीति, अनुसन्धान तथा योजना महाशाखा | धितोपत्र बजार सुधार तथा विकासका लागि आवश्यकतानुसार नेपाल सरकार समक्ष पेश गरिएको । |
| १६. | बोर्डको वार्षिक कार्यक्रम र बजेट तयार गर्ने तथा सो अनुसार भए गरेका काम कारवाहीहरुको प्रत्येक त्रैमासिक अवधिमा पुनरावलोकन गर्ने । | नीति, अनुसन्धान तथा योजना | बोर्डका काम कारवाहीहरुका पुनरावलोकन गरिएको । |

| क्र. स. | बोर्डबाट आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम | सम्बन्धित महाशाखा | प्रथम एघार महिनासम्म (२०७७ जेठ मसान्तसम्म) भए गरेका कार्यको प्रगति समीक्षा |
|---|---|---|---|
| १७. | लगानीकर्ताको गुनासाहरुको छानविन तथा समाधान सम्बन्धमा आवश्यक कार्य गर्ने/गराउने । | कानुन तथा प्रबलीकरण महाशाखा | यस आर्थिक बर्षको अर्ध वार्षिक अवधि सम्ममा लिखित रुपमा बोर्डमा ६ उजुरी/गुनासा दर्ता भएकोमा ५ उजुरी/गुनासो उपर कारवाही सम्पन्न गरि समाधान गरिएको र एक उजुरी/गुनासो समाधानको प्रकृयामा रहेको । त्यस्तै गत आ.व.मा प्राप्त भई प्रकृयामा रहेका ७ उजुरी/गुनासोको यस अवधिमा समाधान भइसकेको । बोर्डको टोलफ्रि तथा हटलाइन टेलिफोनबाट प्राप्त गुनासो तथा जिज्ञासाको तत्समयमा सम्वन्धित महाशाखा, शाखामा जानकारी गराइ समाधान गरिएको । |
| **१.५.४ लगानीकर्ता प्रशिक्षण तथा जनचेतना अभिबृद्धि र अध्ययन अनुसन्धानमा प्रोत्साहन तथा व्यावसायिकता विकास तथा अन्य** | | | |
| १८. | धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी जानकारी दिने उद्देश्यले काठमाडौं उपत्यका बाहिर कम्तिमा २५ वटा लगानीकर्ता प्रशिक्षण तथा तालिम कार्यक्रम संचालन गर्ने । यस्तो कार्यक्रम प्रत्येक प्रदेशमा कम्तिमा २ पटक हुने गरी संचालन गर्ने । | नीति, अनुसन्धान तथा योजना महाशाखा | • नीति अनुरुप उ.बा.स. पोखराको सहकार्यमा मिति २०७६।०५।०९ मा करिब १०० लगानिकर्ताको सहभागितामा तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन गरिएको,<br>• मिति २०७६।०५।२२ मा उ.बा.स. बुटवलको सहकार्यमा करिब १२० लगानिकर्ताको सहभागितामा प्रशिक्षण तालिम कार्यक्रम संचालन गरिएको,<br>• मिति २०७६।०५।२२ मा लुम्बिनी बाणिज्य क्याम्पस बुटवलमा तथा एम्स कलेज बुटवल दुईवटा कलेजमा करिब २५० जना बिद्यार्थीहरुलाई धितोपत्र सम्बन्धी तालिम तथा प्रशिक्षण प्रदान गरिएको,<br>• मिति २०७६।०५।२९ मा उ.वा.स. बाँकेको सहकार्यमा नेपालगञ्जमा करिब १२० जना लगानिकर्ताहरुलाई धितोपत्र सम्बन्धी तालिम तथा प्रशिक्षणप्रदान गरिएको,<br>• मिति २०७६।५।२९ मा महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जमा करिब ८० जना बिद्यार्थीहरुलाई धितोपत्र सम्बन्धी तालिम तथा प्रशिक्षणप्रदान गरिएको,<br>• मिति २०७६।५।३१ मा दिव्य ज्योती क्याम्पस र्बदघाट, नवलपरासीमा करिब १३० जना बिद्यार्थीहरुको सहभागीतामा धितोपत्र सम्बन्धी तालिम तथा प्रशिक्षणप्रदान गरिएको ।<br>• उ.बा.सं. बुटवलको आयोजनामा मिति २०७६।९।९ देखि २०७६।०९।२३ सम्म भएको द्यगतधर्बा त्चबमभ भ्हउय द्दण्टट मा पुँजीबजार सम्बन्धी स्टल राखी सर्वसाधरणमा धितोपत्र सम्बन्धी जनचेतना अभिवृद्धी गरिएको, |

| क्र. स. | बोर्डबाट आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम | सम्बन्धित महाशाखा | प्रथम एघार महिनासम्म (२०७७ जेठ मसान्तसम्म) भए गरेका कार्यको प्रगति समीक्षा |
|---|---|---|---|
| | | | • मिति २०७६।०९।१२ गते वुटवलमा करिब ८० जना उद्योगी तथा व्यापारी बीचमा तालिम तथा अर्न्तक्रिया कार्यक्रम सम्पन्न गरिएको ।<br>• मिति २०७६ साल चैत्र महिनाको ६ गते बाट १२ गते सम्म प्रदेश नं. १ का दमक, विर्तामोड, धरान, विराटनगर तथा इलाम जिल्लमा लगानिकर्ता प्रशिक्षण कार्यक्रम तथा चैत्र महिनाको तेस्रो सातामा गण्डकी प्रदेशमा लगानिकर्ता प्रशिक्षण कार्यक्रम गर्ने सम्बन्धमा प्रस्ताव पारित भई कार्यान्वयनको चरणमा रहेको समयमा नेपाल सरकारको लकडाउन सम्बन्धी निर्णयले गर्दा सो कार्यक्रमहरु गर्न असमर्थ भईएको । |
| १९. | धितोपत्र बजार नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (IOSCO) ले विश्व लगानीकर्ता सप्ताहलाई निरन्तरता दिइरहेको सन्दर्भमा उक्त सप्ताहमा विविध कार्यक्रमहरु आयोजना गरी सम्पन्न गर्ने । | नीति, अनुसन्धान तथा योजना महाशाखा | यस आ.व.मा विश्व लगानीकर्ता सप्ताहको समयमा बडा दशैं चाड पर्न गएको कारण लगानीकर्ता सप्ताह प्रभावकारी हुने नदेखिएकोले विभागीय छलफल पश्चात उक्त सप्ताहमा कुनै कार्यक्रम आयोजना नगरिएको । |
| २०. | प्रदेशहरुमा पत्रकारहरुलाई आर्थिक र धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी तालिम तथा प्रशिक्षण कार्यक्रम आयोजना गर्ने । | नीति, अनुसन्धान तथा योजना | गण्डकी प्रदेशको राजधानी पोखरामा मिति २०७६ भाद्र १० गते कुल ६६ जना आर्थिक पत्रकारहरुलाई तथा ५ नं. प्रदेशको राजधानी बुटवलमा मिति २०७६ भाद्र २१ गते करिब ७० जना पत्रकारहरुलाई धितोपत्र सम्बन्धी तालिम तथा प्रशिषण प्रदान गरिएको । |
| २१. | धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी अद्यावधिक जानकारी तथा सूचना प्रवाह गर्न देहाय अनुसारका प्रकाशन गर्ने :<br>♦ बोर्डको वार्षिक प्रतिवेदन (अंग्रेजी तथा नेपाली),<br>♦ बजारसम्बन्धी संक्षिप्त लेख सहितको नेपाल धितोपत्र बोर्ड समाचार द्विमासिक,<br>♦ धितोपत्र बजारको तथ्याङ्क नियमित रुपमा जानकारी गराउन Quarterly Securities Market Indicators,<br>♦ नेपाल धितोपत्र बोर्ड एक परिचय तथा धितोपत्र तथा वस्तु विनिमयसम्बन्धी वारम्वार शोधिने प्रश्नहरुसम्बन्धी अद्यावधिक संस्करण, | नीति, अनुसन्धान तथा योजना महाशाखा | यस आ.व.मा धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी अद्यावधिक जानकारी तथा सूचना प्रवाह गर्न देहाय अनुसारका प्रकाशन गरिएको:<br>• Quarterly Securities Market Indicators को अंक ९ प्रकाशन भएको तथा अंक १० र ११ को संयुक्त अंक अन्तिम चरणमा रहेको ।<br>• बोर्डको वार्षिक प्रतिवेदन तयार पारी अर्थ मन्त्रालयमा पेश गरिएको ।<br>• नेपाल धितोपत्र बोर्ड समाचार द्विमासिक अंक २४ (श्रावण भाद्र २०७६) बोर्डको बेबसाइटबाट प्रकाशन गरिएको, अंक २५ प्रकाशनको क्रममा रहेको ‌। |
| | ♦ अनुसन्धानमूलक तथा मौलिक लेखहरु समावेश गरी सेबोन जर्नलको प्रकाशन गर्ने ।<br>♦ पुंजीबजारसम्बन्धी साक्षरता संक्षेपमा प्रकाशन गर्ने । | | • सेबोन जर्नलको प्रकाशनको लागि अनुसन्धनात्मक लेखहरु माग गरी सूचना प्रकाशन गरिएको । |

| क्र. स. | बोर्डबाट आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम | सम्बन्धित महाशाखा | प्रथम एघार महिनासम्म (२०७७ जेठ मसान्तसम्म) भए गरेका कार्यको प्रगति समीक्षा |
|---|---|---|---|
| २२. | धितोपत्र बजार सम्बन्धमा लगानीकर्ताको सचेतनाको स्तर अभिबृद्धि गर्न विभिन्न संचार माध्यमबाट चेतनामूलक सन्देशहरु प्रवाह गर्ने । | नीति, अनुसन्धान तथा योजना | धितोपत्र बजार सम्बन्धमा लगानीकर्ताको सचेतनाको स्तर अभिबृद्धि गर्न विभिन्न संचार माध्यमबाट चेतनामूलक सन्देशहरु निरन्तर रुपमा प्रबाह हुदै आईरहेको । |
| २३. | धितोपत्र तथा वस्तु विनिमय बजार सम्बन्धी सूचनाहरु प्रभावकारी ढंगले सम्प्रेषण गर्न बोर्डको बेबसाइटलाई बढी सूचनामूलक तथा स्तरीय बनाई प्रयोगकर्ता मैत्री बनाउने । | नीति, अनुसन्धान तथा योजना | बोर्डको सूचना प्रविधि उपशाखाले बोर्डको बेबसाइटलाई निरन्तर अद्यावधिक गरी सूचनामूलक र स्तरी बनाउँदै लगिएको । |
| २४. | देशभरी बजारसम्बन्धी जनचेतना अभिबृद्धि गर्न पाक्षिक रेडियो कार्यक्रम संचालन गर्ने । | नीति, अनुसन्धान तथा योजना | रेडियो कान्तिपुरमा हरेक महिनाको पहिलो तथा तेस्रो सोमबार बिहान ७:३० देखि लाईभ प्रश्नोत्तर कार्यक्रम संचालन भईरहेको तथा लगानीकर्ताहरुको सक्रिय सहभागिता रहेको । त्यसैगरी रेडियो नेपालमार्फत महिनाको २ पटक जानकारी तथा सूचनामूलक कार्यक्रम संचालन गरिएको । |
| २५. | बोर्डको वार्षिकोत्सवको उपलक्ष्यमा उत्कृष्ट आर्थिक प्रत्रकार छनौट गरी पुंजीबजार पत्रकारिता पुरस्कार प्रदान गर्ने, धितोपत्र बजार तथा कमोडिटी फ्यूचर्स बजार सम्बन्धमा दर्शनाचार्य (एमफील) तथा स्नातकोत्तर तहमा लेखिएका उत्कृष्ट शोधपत्रहरुलाई पुरस्कृत गर्ने र २० वर्षे सेवा अवधि पूरा गरेका कर्मचारीको सम्मान गर्ने लगायतका कार्यक्रमसहित वार्षिकोत्सव कार्यक्रम आयोजना गर्ने । | व्यवस्थापन महाशाखा | कोभिड-१९ को कारणले सृजित बन्दा बन्दीको अवस्था भएकोले २०७७ जेठ २५ गते आयोजना गरिने बार्षिकोत्सवमा नेपाल धितोपत्र बोर्ड बार्षिकोत्सव पुजीं बजार लेख विशेषाङ्क प्रकाशन लगाएतका कार्य गरी Webinar मार्फत बार्षिकोत्सव कार्यक्रम आयोजना गर्ने तयारी भईरहेको । |
| २६. | धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति निर्माणमा सहयोग हुने तालिम, सेमिनार तथा कार्यशाला गोष्ठीहरुमा बोर्डका पदाधिकारीहरुलाई र धितोपत्र तथा वस्तु विनिमय बजार नियमनसम्बन्धी शीप तथा दक्षता अभिवृद्धिका लागि बोर्डको जनशक्तिलाई उपयुक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम तथा सेमिनार कार्यक्रमहरुमा सहभागी गराउने । | व्यवस्थापन महाशाखा | बोर्ड सदस्य तथा कर्मचारी गरी कुल १९ जना विभिन्न बैदेशिक तालिम सेमिनारमा सहभागि भएको । |

| क्र. स. | बोर्डबाट आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम | सम्बन्धित महाशाखा | प्रथम एघार महिनासम्म (२०७७ जेठ मसान्तसम्म) भए गरेका कार्यको प्रगति समीक्षा |
|---|---|---|---|
| २७. | नयाँ लगानीकर्ताहरुलाई दृष्टिगत गरी काठमाडौं उपत्यकामा धितोपत्र बजारसम्बन्धी निरन्तर प्रशिक्षण तथा जनचेतना अभिबृद्धि र लगानीकर्ताहरुको जिज्ञासाहरु सम्बोधन गर्न पाक्षिकरुपमा काठमाडौं उपत्यकाको उपयुक्त स्थानमा लगानीकर्ता कार्यक्रम संचालन गर्ने । | नीति, अनुसन्धान तथा योजना महाशाखा | • बोडबाट लगानीकर्ता प्रशिक्षणको लागि Basic level तथा Advance level को पाठ्यक्रम तयार गरिएको ।<br>• यस अघि भएको पाक्षिक लगानिकर्ता प्रशिक्षण कार्यक्रममको मोडालिटीमा थप सुधार र एक घण्टा समय समेत थप गरी, उक्त पाठ्यक्रम बमोजिम Basic Level को प्रशिक्षण कार्यक्रम मिति २०७६।१०।१० मा ५४ जना, मिति २०७६।१०।२४ मा ४२ जना, मिति २०७६।११।१६ मा ३६ जना तथा मिति २०७६।११।३० मा २९ जना प्रशिक्षार्थीहरुको सहभागीतामा बोर्डको सभाहलमा प्रशिक्षण दिईएको । साथै अन्य पाक्षिक कार्यक्रमको लागी समेत सहभागीहरुको रोस्टर तयार गरिएकोमा कोरोना महामारीको प्रकोपले उक्त कार्यक्रमहरु संचालन गर्न नसकिएको । |

# नेपाल धितोपत्र बोर्ड

**सुपरिवेक्षण तथा अनुसन्धान विभाग**

**नीति, अनुसन्धान तथा योजना महाशाखा**

पो.ब. नं.ः ९०३१, जावलाखेल, ललितपुर, नेपाल ।

फोन नं. ०१-५५४१०५७, ५५५०५११, ५५४४०७६

फ्याक्स नं.ः ०१-५५४१०५८

टोल फ्री हटलाईन नंः १६६०-०१-४४४३३ (निःशुल्क)

वेबसाइटःhttp://www.sebon.gov.np

इ-मेलः support@sebon.gov.np